# राजस्व सुधार कार्ययोजना

# २०७९/८०-२०८१/८२

पञ्चपुरी नगरपालिका




# पञ्चपुरी नगरपालिका

# सुर्खेत जिल्ला

# २०७९

# विषय सूची


परिच्छेद एक: राजस्व सुधार योजनाको परिचय १

१.१ पृष्ठभूमी १

१.२ राजस्व सुधार कार्ययोजनाको औचित्य १

१.३ राजस्व सुधार कार्ययोजनाको उद्देश्य २

१.४ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया ३

१.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन ३

१.४.४ तथ्यांक/सूचना संकलन ३

१.४.५ तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी ४

१.४.६ मस्यौदा कार्ययोजना सम्बन्धित पक्ष समक्ष पेश ४

१.४.७ मस्यौदा प्रतिवेदन उपर छलफल तथा सुझाव संकलन ४

१.४.८ अन्तिम प्रतिवेदन तयारी, छलफल तथा स्वीकृती ४

१.५ सीमाहरु ४

परिच्छेद दुई: पञ्चपुरी नगरपालिकाको परिचय ६

२.१ पञ्चपुरी नगरपालिकाकाको संक्षिप्त परिचय ६

२.२ पञ्चपुरी नगरपालिकाको मानव संसाधनको अवस्था १३

२.३ पञ्चपुरी नगरपालिकाकाको भौतिक सम्पत्तिको अवस्था १५

परिच्छेद तीन: स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाब्यता १६

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था १६

३.२ नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था २१

३.३ आन्तरिक स्रोत तर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण २४

३.३.१ स्थानीय कर राजस्व २४

३.३.२ गैर कर राजस्व ३२

परिच्छेद चार: आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था ४७

४.१ राजस्व परिचालन सम्बन्धी नीति ४७

४.१.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण ४७

४.२. आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता ५०

४.२.१ स्थानीय राजस्व परामर्श समिति ५१

४.३ नगरपालिकाको आन्तरिक आय परिचालन ५२

४.४ राजस्व परिचालनमा रहेका सवालहरू ५६

परिच्छेद पाँच: राजस्व सुधार कार्ययोजना [illegible]

५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना ५७

५.१.१ राजस्व सुधारका क्षेत्रहरू ५७

परिच्छेद छ: आगामी ३ वर्षको आय प्रक्षेपण ६१

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ६१

६.२  आगामी ३ आर्थिक वर्षको आयको प्रक्षेपण ६४
परिच्छेद सातः अपेक्षित आय ७३
परिच्छेद आठः अनुगमन तथा मूल्यांकन ७५
अनुसूची ७८
अनुसूची १: सन्दर्भ सामग्रीहरूको सूची ७९
अनुसूची २: राजस्व सुधार कार्ययोजनाका सूचकहरु ८२
अनुसूची ३: विषयगत विश्लेषण साग सम्बन्धित तथ्याङ्क संकलनको नमूना फाराम ८५
अनुसूची ४: वस्तुगत विश्लेषणसंग सम्बन्धित तथ्याङ्क संकलनको नमूना फाराम ८९
अनुसूची ५: आय प्रक्षेपणको ढाँचा ९५

## तालिका सूची

तालिका १: नगरपालिकाको वडा अनुसारको कूल क्षेत्रफल विभाजन ७
तालिका २: पञ्चपुरी नगरपालिकाको वडागत जनसाङ्ख्यिक विवरण ८
तालिका ३: नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था २१
तालिका ४: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर २५
तालिका ५: घरजग्गा बहाल करको सम्भाव्यता विवरण २७
तालिका ६: व्यवसाय सम्बन्धी विवरण २८
तालिका ७: जडीबुटी, कवाडी, जीवजन्तु कर सम्बन्धी विवरण ३०
तालिका ८: गाउँपालिका/नगरपालिकाले निर्माण, संचालन तथा व्यवस्थापन गरेका सेवा ३४
तालिका ९: नगरपालिका अन्तर्गत हालका भवनहरु तथा सरकारी /सार्वजनिक जग्गाहरूको विवरण तथा बहाल बिटौरी शुल्क संकलनको संभावना ३६
तालिका १०: पार्किङ शुल्क सम्बन्धी विवरण ३७
तालिका ११: सिफारिश तथा प्रमाणित सम्बन्धी विवरण ४१
तालिका १२: राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण विवरण ४८
तालिका १३: गाउँपालिकामा राजस्व सम्बन्धी काम गर्ने कर्मचारीहरूको विवरण ५१
तालिका १४: बिगतको आन्तरिक आय संकलनको अवस्था ५२
तालिका १५: राजस्व परिचालनको वर्तमान अवस्था ५३
तालिका १६: राजस्व सुधार कार्ययोजनाहरु ५८
तालिका १७: गैरकर राजस्व सुधार योजनाहरु ५९
तालिका १८: आगामी आ.व.हरुका लागी राजस्व प्रक्षेपणका आधारहरु (रु. हजारमा) ६१
तालिका १९: चालू आ.व.को अनुमान तथा आगामी ३ आर्थिक वर्षको आय प्रक्षेपण ६५
तालिका २०: नगरपालिकाको अपेक्षित आय संक्षेपमा ७४
तालिका २१: अनुगमन तालिका ७६

## चित्र सूची

चित्र १: पञ्चपुरी नगरपालिकाका अवस्थीती नक्सा ७
चित्र २: राजस्व चक्र ७५

# परिच्छेद एक: राजस्व सुधार योजनाको परिचय

## १.१ पृष्ठभूमी

स्थानीय सरकारलाई संविधानद्वारा प्रदान गरिएको कार्यजिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोत साधनको परिपूर्तीका लागी सङघ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विषेश अनुदान दिन सक्ने व्यवस्था गरेको छ । सङघ तथा प्रदेश सरकारबाट प्रदान गरिने यस्तो अनुदानले मात्र स्थानीय तहको खर्च आवश्यकता पुरा गर्न सम्भव नहुने र राज्य शक्तिको बाँडफाँड गर्दा राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबीच शक्तिको बाँडफाँड गरिने हुँदा सङघीय वित्त व्यवस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर करहरु लगाउने र उठाउने गरी राजस्व अधिकार समेत संबैधानिक रुपमै प्रदान गररएको छ । अनुदान र राजस्व अधिकार बाहेक स्थानीय तहले संविधान र सङ्घीय कानून बमोजिम राजस्व बाँडफाँड वापत रकम प्राप्त गर्नसक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने कानूनी व्यबस्था समेत गरिएको छ ।

स्थानीय सरकारको वढ्दो खर्च धान्नका लागी र उनीहरुको सामर्थ्य  वृद्धि गर्नका लागी पनि ती निकायहरुको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्नुपर्ने आवश्यकता अपरिहार्य बन्न पुगेको छ । यसका लागी स्थानीय तहको राजस्व अधिकारका सम्भावनाहरुको खोजी गर्ने, सम्भाव्य क्षेत्रको राजस्व परिचालनका लागी अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यवस्थापकीय सुधारका उपायहरु पहिचान गरी कार्यान्वयनमा ल्याउने र ती सबै प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागी राजस्व सुधार काययोजनाको खाँचो देखिन्छ ।

प्रस्तुत प्रतिवेदन पञ्चपुरी नगरपालिकाको राजस्व सुधार कार्य योजना, कर्णाली प्रदेश अन्तर्गत ३२ वटा स्थानीय तहको राजस्व सुधार कार्य योजना निर्माण गर्ने सम्बन्धमा त्यस प्रदेश सुशाशन केन्द्र र हाम्रो कम्पनी  क्युब-पाथवे-भूगोल जेभी बिच भएको सम्झौता बमोजिम क्युब-पाथवे-भूगोल जेभीको प्राविधिक सहयोगमा तयार गरीएको हो । यो प्रतिवेदनमा पञ्चपुरी नगरपालिकाको राजस्व परिचालनको वर्तमान अवस्था अध्ययन तथा विश्लेषण गरिएको छ । अध्ययबाट प्राप्त नतिजाका आधारमा राजस्व सुधारको लागी गर्नुपर्ने कार्यहरूको पहिचान तथा सोका आधारमा आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण गरिएको छ । यस राजस्व सुधार कार्ययोजनाले नगरपालिकाको राजस्व सुधारमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्ने तथा सो को अनुगमनका लागी तथा आगामी वर्षहरूको आय बजेट तयार गर्न आधार उपलब्ध गराउनेछ ।

## १.२ राजस्व सुधार कार्ययोजनाको औचित्य

नेपालको मूल राज्य सञ्चालन संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने व्यवस्था संविधानले गरेको छ । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा गर्ने विकास निर्माण कार्यलाई व्यवस्थित गरी जनचाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो लगानी आवश्यक देखिन्छ । यसका लागी स्थानीय सरकारलाई संघ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व बाँडफाँड बाहेक स्थानीय राजस्व

अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैरकर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय सरकारले अन्य स्वदेशी संघसंस्थाबाट अनुदान रकम प्राप्त गर्न सक्ने, नेपाल सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिस गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानूनी व्यवस्था समेत रहेको छ ।

संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार संचालन ऐनले गाउँपालिका तथा नगरपालिकालाई आन्तरिक आय परिचालन गर्न सक्ने उल्लेख्य अधिकार दिएको भए तापनि ती अधिकारलाई ऐनको प्रावधान अनुसार व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्णरुपमा परिचालन गर्न सकिरहेका छैनन्, जसको मुख्य कारणहरुमा स्थानीय तहको संरचना नयाँ भएकोले त्यसका लागी आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाव्यता अध्ययन, अनुगमन तथा नियन्त्रण प्रणालीको स्थापना तथा अभ्यासको कमी हुनु रहेको छ ।

राजस्व प्रकृयामा सुधारका लागी पञ्चपुरी नगरपालिकाको नेतृत्वमा सहभागितामूलक पद्दति अवलम्वन गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । कार्यक्रमले नगरपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारपक्षहरूलाई राजस्व परिचालनको क्षेत्रमा अभिमुखीकरण, आन्तरिक आय सुधारका लागी समस्या तथा अवसरहरूको पहिचान गरी कार्ययोजना तयारी तथा आयको प्रक्षेपणलाई मार्गनिर्देशक दस्तावेज तयार हुनेछ ।

## १.३ राजस्व सुधार कार्ययोजनाको उद्देश्य

पञ्चपुरी नगरपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना तथा देखिएका समस्याहरू न्यूनीकरण गर्न कार्ययोजना तयारी तथा सोका आधारमा आगामी ३ वर्षको आय प्रक्षेपणमा नगरपालिकाकालाई सहयोग पुऱ्याउनु नै यस कार्यक्रमको समग्र उद्देश्य हो । यस कार्यक्रमका सहायक उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

- स्थानीय तहका जनप्रतिनिधीहरु तथा कर्मचारीहरू लाई राजस्व सुधार कार्ययोजना सम्बन्धी अभिमुखीकरण गर्ने ।
- शीर्षकगत रुपमा सम्भावित करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको अध्ययन तथा विश्लेषण गर्ने ।
- राजस्व वृद्धिको लागी आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- स्थानीय तहको राजस्व प्रशासनको सँगठनात्मक संरचना, राजस्व सङ्कलन तथा बिलिङ्ग पद्धति र आन्तरिक नियन्त्रण प्रणाली सहित स्थानीय तहको समग्र राजस्व प्रशाशन तथा यसको कायकुशलताको विश्लेषण ।
- स्थानीय तहको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपणसहितको आन्तरिक आय सुदृढीकरण कार्ययोजना तयार गर्ने ।

- नयाँ सम्भावनाहरूको पहिचान गर्दै स्थानीय तहले अपनाउनुपर्ने सुधार रणनीति सहितको राजस्व सुधार कार्ययोजना तयार गर्ने ।
- स्थानीय तहको विद्यमान आर्थिक ऐन, नियमावली लगायतका कानूनी तथा संस्थागत व्यवस्थाको पुनरावलोकन गरी आगामी आर्थिक वर्षमा सुधारको लागी सुझाव प्रदान गर्ने ।

## १.४ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया

राजस्व सुधार कार्ययोजना तर्जुमा क्रममा अवलम्बन गरिएका विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### १.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता समूहबाट विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू संकलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएको मुख्य सामग्रीहरू अनुसूची १ मा राखिएको छ ।

**दोस्रो चरण: फिल्ड सर्भे पूर्व तयारी छलफल**

नगरपालिकामा कार्ययोजना तर्जुमाका लागी आवश्यक तथ्याङ्क/सूचना संकलन गर्न जानु भन्दा पहिले प्रदेश सुशासन केन्द्र सुर्खेतमा मिति २०७८ चैत्र १७ मा एक दिबसीय छलफल कार्यक्रम राखिएको थियो । उक्त छलफल कार्यक्रममा क्युव-पाथवे-भूगोल जेभीबाट तयार पारिएको प्रश्नावली तथा चेकलिष्टका बारेमा विस्तृत छलफल भयो र उक्त छलफलमा प्रदेश सुशासन केन्द्रका तर्फबाट दिनुभएका सुझावहरूलाई समेत सम्बोधन गरी प्रश्नावली तथा चेकलिष्टलाई अन्तिम रुप दिइएको थियो । उक्त कार्यक्रममा क्युव-पाथवे-भूगोल जेभीका तर्फबाट विषय विशेषज्ञले राजस्व सुधार कार्ययोजना सम्बन्धि सैद्धान्तिक र व्यवहारिक पक्षहरूको बारेमा प्रस्तुतिकरण गर्नु भएको थियो र उक्त प्रत्युक्तिकरणमा उठेका जिज्ञासाहरूलाई सम्बोधन पनि गर्नु भएको थियो ।

**तेस्रो चरण: अभिमुखीकरण कार्यशाला**

पालिकामा कार्य प्रारम्भ गर्नुभन्दा पहिले राजस्व सुधार कार्ययोजना तर्जुमाको लागी क्युव-पाथवे-भूगोल जेभीबाट खटिने फिल्ड अनुसन्धान टोलीले स्थानीय तहका प्रमुख तथा उप-प्रमुख, स्थानीय तहको राजस्व परिचालन सम्बन्धि काम गर्ने कर्मचारीहरु र राजस्व परामर्श समितिका पदाधिकारीहरुलाई राजस्व सुधार कार्ययोजना तयारी सम्बन्धमा मिति २०७९/०२/०२ मा अभिमुखीकरण गर्ने कार्य गरेको थियो ।

### १.४.४ तथ्यांक/सूचना संकलन

अध्ययनका क्रममा परामर्शदाताद्वारा नगरपालिकाका विभिन्न शाखाहरू, सरोकारवाला पक्षहरू, स्थलगत भ्रमण तथा अवलोकनबाट आवश्यक सूचनाहरू संकलन गरिएको थियो । सूचना संकलन फोकल परसनलगायत अन्य कर्मचारी तथा पदाधिकारीहरुसँग समन्वय गरी जे.भी.को प्राविधिक कार्यदलले अध्ययनका क्रममा निम्न क्षेत्रगत तथ्यांक एवं सूचनाहरू संकलन गऱ्यो :

- राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- गत ३ वर्ष तथा चालु वर्षको हालसम्मको यथार्थ आय विवरण

- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- आन्तरिक आय संकलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना
- नगरपालिकाको वस्तुस्थिति विवरण

### १.४.५ तथ्याङ्क विश्लेषण तथा मस्यौदा कार्ययोजना तयारी

समूहगत छलफल, अध्ययनबाट प्राप्त तथ्यांक तथा सूचनाहरूलाई विभिन्न तथ्यांङ्कीय औजारहरू तथा विधिहरूको प्रयोग गरी विश्लेषण गरिएको छ । यसरी विभिन्न विधिहरूबाट विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरूलाई तालिकामा प्रस्तुत गरि राजस्व सुधार कार्य योजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको हो ।

### १.४.६ मस्यौदा कार्ययोजना सम्बन्धित पक्ष समक्ष पेश

मस्यौदा प्रतिवेदन कार्यक्रमका मुख्य सरोकारपक्षहरू नगरपालिका तथा प्रदेश सुशासन केन्द्र, कर्णाली समक्ष आवश्यक सुझाव तथा सल्लाहका लागी पेश गरिने छ ।

### १.४.७ मस्यौदा प्रतिवेदन उपर छलफल तथा सुझाव संकलन

राजस्व सुधार कार्ययोजना तर्जुमाका उपरोक्त चरणहरु पश्चात तयार गरिएको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन सम्वन्धित सरोकारवालाहरु समक्ष प्रस्तुत गरी सुझाव लिइने छ । यसका लागी परामर्श कार्यशाला/बैठकको आयोजन गरिने छ । यस्तो छलफलबाट प्रतिवेदनमा छुट भएका विषय वा तथ्याङ्कीय कमजोरीहरुलाई सच्याउन र प्रतिवेदनका विषयमा सरोकारवालाहरुलाई जानकारी प्रदान गर्न पनि सहयोग पुग्ने छ ।

### १.४.८ अन्तिम प्रतिवेदन तयारी, छलफल तथा स्वीकृती

मस्यौदा प्रतिवेदन प्राप्त भएका सुझाव समेतको आधारमा अन्तिम प्रतिवेदन तयार गरिने छ । यसरी तयार भएको कार्ययोजना सरोकारवालाहरुको बीचमा प्रस्तुतिकरण गरिने छ । दिइएका सुझावहरुको यथोचित सम्बोधन गरि प्रतिवेदनलाई अन्तिम रुप दिइने छ र स्थानीय राजस्व परामर्श समिति मार्फत कार्यपालिकामा पेश गरी कार्यपालिकाबाट स्वीकृत गराइने छ । कार्यपालिकाबाट प्रतिवेदन स्वीकृत गराउँदा प्रतिवेदन कार्यान्वयनका लागी आवश्यक पर्ने बजेट विनियोजन गर्ने कार्यमा पनि सहजता आउने अपेक्षा गरिएको छ ।

## १.५ सीमाहरु

नगरपालिकाको राजस्व सुधार कार्य योजनाको क्षेत्र व्यापक रहेको भएता पनि स्थानीय तह निर्वाचन २०७९ का वावजुद आवश्यक तथ्याङ्क संकलन गरी यो प्रतिवेदन तयार पारिएको छ । सीमित समय र प्रतिकुल परिस्थितिका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेका छन् :

- अध्ययन तथा विश्लेषण कार्य सम्बन्धित क्षेत्रका कर्मचारी र पदाधिकारीसंग छलफल र तथा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूमा आधारित छ ।

- यसका अतिरिक्त नगरपालिकाका सम्बन्धित कर्मचारी तथा अन्य सरोकारपक्षसँग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।
- नगरपालिकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागी उपलब्ध गराइएको फाराम विभिन्न शाखाबाट तथ्याङ्कहरू संकलन गरिएको थियो ।
- अध्यावधिक तथ्याङ्क नभएका क्षेत्रमा नगरपालिकाको वस्तुस्थिति विवरण २०७५ मा उल्लेख गरिएका तथ्याङ्कलाई आधार मानिएको छ ।

# परिच्छेद दुई: पञ्चपुरी नगरपालिकाको परिचय

यस परिच्छेदमा नगरपालिकाको संक्षिप्त परिचय, अवस्थिति, मानव संशासन, साथै भौगोलिक, आर्थिक तथा सामाजिक अवस्था तथा नगरपालिकाको संस्थागत अवस्थालाई चित्रण गरिएको छ ।

## २.१ पञ्चपुरी नगरपालिकाकाको संक्षिप्त परिचय

**नामाकरण:**

पञ्चपुरी नगरपालिकाको वडा नं. ७ मा अवस्थित पञ्चपुरी माई मन्दिरको नामाबाट नामाकरण गरिएको हो । नगरपालिको नामाकरणका सम्बन्धमा यस क्षेत्रका विज्ञ तथा स्थानीयवासीहरूको व्यापक छलफल र सुझाव अनुसार यस क्षेत्रकै प्रशिद्ध धार्मिक, ऐतिहासिक तथा मनमोहक स्थानको रूपमा परिचित मनमोहक डाँडामा अवस्थित रहेको पञ्चपुरी माइको मन्दिर रहेको र यसको ऐतिहासिक, धार्मिक तथा पर्यटकीय महत्वलाई विस्तार गर्नका लागी नगरपालिको नाम यसैको नामबाट नामाकरण गरिनु पर्ने राय आएपछि यसको नाम पञ्चपुरी नगरपालिका राखिएको हो । पञ्चपुरी मन्दिरको नामाकरणका सम्बन्धमा स्थानीय जनश्रुति अनुसार यो क्षेत्रमा प्राचिन समयमा पंञ्च भालादमीहरुले महत्वपुर्ण निर्णय गर्नुपर्दा सबैजना जम्मा भएर यस ठाउँमा बसी निर्णय गर्ने तथा यस क्षेत्रको विकासका योजना बनाउदा सबै पञ्चहरु भेला हुने ठाउँ भएकाले पनि यसको नाम पञ्चपुरी रहन गयो भन्ने किम्बदन्ती पनि रहेको छ । पञ्चपुरी नगरपालिकाको नगरकार्यालय बाबियाचौरमा रहेको छ ।

**अवस्थिति:**

सुर्खेत जिल्लामा रहेको पञ्चपुरी नगरपालिकाको कूल क्षेत्रफल ३२९.९ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको छ । जम्मा ११ वडाहरूमा विभाजन गरिएको यस नगरपालिकाको सिमाना उत्तरमा कर्णाली नदि, दक्षिणमा बर्दिया राष्ट्रिय निकुञ्जको भाग,पुर्वमा बराहताल गाउँपालिका र पश्चिममा चौकुने गाउँपालिका रहेको यस नगरपालिकाको अक्षांश २८° ३९' ४६" उत्तर देखि २८° ५४' ५०" उत्तर सम्म र देशान्नतर ८१° १५' २७" पूर्व देखि ८१° ३१' २९" पूर्वसम्म फैलिएको छ । समुद्री सतहको १९८ मिटरदेखि २१०० मिटरसम्मको उचाइमा अवस्थित यस पञ्चपुरी नगरपालिको सदरमुकाम बाबियाचौरलाई बनाइएको छ जुन यस नगरपालिकाको मुख्य व्यापारिक क्षेत्र पनि हो । भौगोलीक विविधता तथा भुधरातलीय क्षेत्रको आधारमा पञ्चपुरी नगरपालि समुन्द्री सतहको १९८ मिटरदेखि २१०० मिटरको उचाइमा पर्ने भएकोले यहाँ न्यानो, सुख्खा, उपोष्ण, हावापानी रहेको छ । महाभारत श्रृङ्खलाको तल्लो भागमा पाइने वनस्पति चिउरी, सिमल, तिजु, बाँझ, कटुस, काफल जातका वनस्पति पाइन्छन् भने जडिबुटि तर्फ समयो, काउलो, चुत्रो, कुरिलो, टिमुर, तेजपात, सुनगाभा, अमला, हर्रो, बर्रो, शिकारी लहरा, जिवन्ती आदि प्रशस्त मात्रामा पाइनुका साथै बाँस, निगालो जस्ता डोको डालोका लागी चोयायुक्त वनस्पति पनि यहाँ पाइन्छ र कुच्चो तथा झाडुको लागी अम्रिसो, बनस्पती पनि प्रशस्त पाइन्छ । यस भु-भागमा औषत १०० मिलिलिटर भन्दा बढी नै वर्षा हुने गर्दछ । मध्य तथा सुदुरपश्चिम क्षेत्रीय हावापानी कार्यालय, सुर्खेतको अभिलेख अनुसार यस क्षेत्रको तापक्रम

न्यूनतम ५.९ डिग्रि सेलिसियसदेखि अधिकतम तापक्रम ३७.५ डिग्री सेल्सियससम्म हुने गर्दछ । पञ्चपुरी नगरपालिकाको अवस्थिति नक्सा तल चित्र नं. १ मा राखिएको छ ।

पञ्चपुरी नगरपालिका




चित्र १: पञ्चपुरी नगरपालिकाका अवस्थीती नक्सा

## नगरपालिकाको कूल क्षेत्रफल तथा वडागत विभाजन

पञ्चपुरी नगरपालिकालाई जम्मा ११ वटा वडाहरूमा विभाजन गरिएको छ । जम्मा ३२९.९ वर्ग कि.मी. क्षेत्रफल ओगटेको यस नगरपालिकाका वडाहरूको क्षेत्रफल विविध प्रकारहेका रहेको छ । जसलाई वडागत रुपमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १: नगरपालिकाको वडा अनुसारको कूल क्षेत्रफल विभाजन**

| वडा नं. | क्षेत्रफल (वर्ग कि.मी. मा) | प्रतिशत |
|---|---|---|
| १ | २८.१७ | ८.५४ |
| २ | १३.१६ | ३.९९ |
| ३ | ८.७७ | २.६६ |
| ४ | १५.३३ | ४.६५ |
| ५ | १८.७४ | ५.६८ |
| ६ | १२.८५ | ३.९० |
| ७ | ६१.१४ | १८.५३ |
| ८ | २७.५७ | ८.३६ |
| ९ | २२.०३ | ६.६८ |

| वडा नं. | क्षेत्रफल (वर्ग कि.मी. मा) | प्रतिशत |
|---|---|---|
| १० | ७०.४६ | २१.३६ |
| ११ | ५१.६८ | १५.६७ |
| जम्मा | ३२९.९ | १००.०० |

**पञ्चपुरी नगरपालिकाको जनसाङ्ख्यिक विवरण**

पञ्चपुरी नगरपालिकाको जनसंख्यालाई हेर्दा घरधुरी सर्वेक्षण २०७२ अनुसार यस नगरपालिकको घरधुरी संख्या ७२१२ र कुल जनसंख्या २७२३७ र राष्ट्रिय जनगणना २०६८ अनुसार कूल घरपरिवार र जनसंख्या क्रमशः ६३०४ र ३२२३१ रहेको थियो । हाल वडा अनुसार सबैभन्दा उच्च जनसंख्या वडा नं. ७ मा ३५०६ रहेको छ भने सबैभन्दा कम जनसंख्या वडा नं. १ मा २४०६ रहेको छ । यस नगरपालिकाकाको २०६८ को अवस्थालाई वडागत रूपमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २: पञ्चपुरी नगरपालिकाको वडागत जनसाङ्ख्यिक विवरण**

| वडा नं. | घरधुरी संख्या | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | ४२६ | १२०२ | १२०४ | २४०६ |
| २ | ५५० | १४५८ | १३१७ | २७७५ |
| ३ | ६६० | १७५९ | १५७० | ३३२९ |
| ४ | ४८२ | १२६२ | ११४५ | २४०७ |
| ५ | ५५९ | १४६० | १३१५ | २७७५ |
| ६ | ५९१ | १५९५ | १४३७ | ३०३२ |
| ७ | ६१७ | १७५९ | १७४७ | ३५०६ |
| ८ | ६६८ | १७३१ | १६४३ | ३३७४ |
| ९ | ६४२ | १६०२ | १४३८ | ३०४० |
| १० | ६०२ | १६१५ | १४२६ | ३०४१ |
| ११ | ५०७ | १३६६ | ११८० | २५४६ |
| जम्मा | ६३०४ | १६८०९ | १५४२२ | ३२२३१ |

**पेशागत विवरण :**

पञ्चपुरी नगरपालिकामा सबैभन्दा धेरै ८५.६१ प्रतिशत घरधुरी कृषि तथा १४.३९ प्रतिशत घरधुरीहरु गैरहृषि क्षेत्रलाई आफ्नो जिविकोपार्जनको मुख्य पेशा बनाएको पाइन्छ । कृषि तर्फ खेतीपाती, पशुपालन, कुखुरापालन र माछापालन क्रमशः ७८.९९ प्रतिशत, ३.९८ प्रतिशत, २.५० प्रतिशत, र ०.१४ प्रतिशत घरधुरी रहेका छन भने गैह्रकृषितर्फ व्यापार, उद्योग, नोकरी, दैनिक ज्यालादारी, वैदेशिक रोजगार (भारतबाहेक) र अन्य क्रमशः ४.८५ प्रतिशत, ०.३६ प्रतिशत, १.८० प्रतिशत, २.६३ प्रतिशत, ३.६१ प्रतिशत र १.१४ प्रतिशत घरधुरी रहेका छन् । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | विवरण | परिवार संख्या |
|---|---|---|
| १ | कृषि | |
| | खेतीपाती | ५६९७ |
| | पशुपालन | २८७ |
| | कुखुरा पालन | १८० |
| | माछा पालन | १० |
| २ | गैर कृषि | |
| | व्यापार | ३५० |
| | उद्योग | २६ |
| | नोकरी | १३० |
| | दैनिक ज्यालादारी | १९० |
| | वैदेशिक रोजगार (भारत बाहेक) | २६० |
| | **अन्य** | ८२ |

**पर्यटन (प्रशिद्ध स्थलहरू):**

पञ्चपुरी नगरपालिको पर्यटनका हिसावले प्रचुर सम्भावना बोकेको नगरपालिका हो । यस नगरपालिकामा ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक महत्वका सम्पदाहरू रहेका छन् । पञ्चपुरी माइको मन्दिर, चमेरे गुफा, जाजुरा दह, शिव धाम, कुण्डलीनी गुफा लगायतका विभिन्न पिकनिक स्थल, पार्क, छहरा, ताल तलैया र भेरीकर्णाली दोभान रहेका छन् । पार्कहरुमा मदनआश्रित पार्क, कोटाधारा पिकनिक पर्क, जोडिकुला पिकनिक पार्क , जबदेन पिकनीक पार्क, चतुरेपार्क जस्ता अत्यन्तै मनमोहक स्थानहरु रहेका छन् भने पाण्डप गुफा, गायर खोला गौरी गुफा, गणेश गुफा, मादले गुफा, शिव गुफा, चमेरे गुफा उचित प्रचारप्रसारको अभावमा रहेका छन् । यस्ता धार्मिक, साँस्कृतिक तथा ऐतिहासिक महत्वका ठाउँहरुको उचित प्रचारप्रसा, संरक्षण र सम्बर्द्धन गर्न सकेको खण्डमा यो नगरपालिकामा पर्यटनको लागी अथाह सम्भावना रहेको छ ।

**सिंचाईः**

ठूला नदीदेखि साना खोल्साखोल्सीहरुको प्रचुरता रहेको हुनाले यो नगरपालिका सिंचाइका हिसावले सम्पन्न रहेको छ । महाभारत श्रृङ्खला अन्तर्गत अवस्थित रहेको यस क्षेत्रभित्र साना खोल्सा खोल्सी देखि ठुला खोलाहरू रहेका छन् । मुख्य खोला तथा नदिहरूमा भेरी नदि ,कर्णाली

नदि, डोब्रि खोला, घट्टे खोला र चरुवा खोला, डुम्रिमुल खोला, सान्ने खोला चौर खोला, माझ खोला आदि रहेका छन् जसबाट यो नगरपालिकाको १७७८ हेक्टर जमिन सिंचित भएको छ भने यो नगरपालिकाकामा जम्मा ६८२६ हेक्टर कृषियोग्य जमिन रहेको छ । यथेष्ट सिंचाइको सुविधा हुँदा हुँदै पनि यहाँ सिंचाइको व्यवस्था गर्न सकिएको छैन् । यहाँको जनताहरुको जीवनस्तर माथि उठाउनको लागी नगरपालिकाकाले सर्वप्रथम कृषिमा लगानी गर्नु पर्ने देखिन्छ । कृषिको मेरुदण्ड भनेकै सिंचाइको व्यवस्था हो । त्यसैले यहाँ भएका पानीका स्रोतहरुको अधिकतम प्रयोग गरेर सिंचाइको व्यवथा गर्नु पर्ने टड्कारो आवश्यकता देखिएको छ ।

**यातायात पहुँच :**

पञ्चपुरी नगरपालिकाका सबै वडाहरु अझै पनि सडक सञ्जालको पहुँचमा आउन सकेका छैनन् । बड्डिचौर-गुटु हुँदै बेनिघाटसम्म जाने सडक यस नगरपालिका भएर जाने गर्दछ, जसमा बाह्रै महिना गाडीहरुको बाक्लो आवतजावत रहेको छ, जुन सडकले यस नगरपालिकाको समग्र विकासमा बलियो साझेदारी गरेका छ । त्यसैगरी नगरपीलका भित्रका सबै वडाहरुलाई सडक संञ्जालमा समेटनको लागी बनिरहेका बाटाहरुमा खम्बागाडे –पलैंटे – बाबियाचौर सडक, विद्यापुर - राग–विद्यापुर सडक, कल्यान काँध –भक्तडी – धनरास, चिसापनी सडक – बाबियाचौर –जंगलाघाट सडक, विद्यापुर – जाजुरा दह–सान्ने र बाबियाचौर – तिखाकुना – कुइने कच्चिसडकहरु रहेका छन् । सडक सञ्जाललाई बलियो बनाउनको लागी यस नगरपालिकको वडा नं. ३ चौरखोलामा १ वटा पक्कीपुल बनेको छ, यसको यस नगरपालिकाको यातायात सञ्चालनमा अहम भूमिका रहेको छ । यस नगरपालिकामो दैनिक वीरेन्द्रनगरदेखि बाबियाचौरसम्म ४ वटा सवारी साधन आउँछन, त्यसै गरी विरेन्द्रनगरदेखि क्रमशः विद्यापुर दैनिक २ वटा, गुटु बिजौरा ६ वटा, राग दैनिक १० वटा र पलैटे दैनिक १ वटा रुटपरमिट लिएका बसहरु आवत जावत गर्दछन् । समग्रमा हेर्दा यो नगरपालिकामा यातायातको व्यवस्था सन्तोषजनक रहेको छ ।

**उद्यम, व्यापार, व्यवसायः**

पञ्चपुरी नगरपालिकाभित्र कूल ३५ वटा उद्यम, व्यापार र व्यवसायिक संघसंस्थाहरु रहेका छन् । व्यापार व्यवसायहरुको लागी चाहिने आधारभुत आवश्यकता, यातायात तथा विद्युतको उचित व्यवस्था नहुँदा यस नगरपालिकामा उल्लेख्यमात्रामा औद्योगिक तथा व्यापार व्यवसाय रहेका छैनन । ३५ वटा उद्यम, व्यापार र व्यवसायहरुमा  कृषिजन्य व्यवसाय, होटल व्यवसाय, क्लिनिक तथा औषधी व्यवसाय, इलेक्ट्रोनिक्स तथा अटोमोवाइल्स, माछामासु व्यवसाय, वोर्डिङ स्कुल, ठेक्कापट्टा,  पेट्रोलपम्प, स्टेशनरी व्यवसाय, सहकारी, राइस मिल, बैंक तथा वित्तीय संस्था, नृत्य प्रशिक्ष र भेटेनरी जस्ता उद्याम, व्यापा र व्यवसाय रहेका छन् ।

**मुख्य व्यापारिक केन्द्रहरू :**

यस नगरपालिकाको प्रमुख व्यापारिक केन्द्र बाबियाचौर बजार हो । यसका अलवा नगरका अन्य स-साना बजारहरू जसले वडाहरूको पाएक पर्ने स्थानलाई केन्द्र बनाई संचालित छन् । तरकारी, फलफूल तथा दैनिक उपभाग्य सामग्रीहरुको लागी पलैंटे बजार र विद्यापुर मुख्य बजार रहेकोछ भने ठूलो परिमाणका सामग्रीहरु बाबियाचौर बजारमा पाइन्छ ।  यस नगरपालिका क्षेत्रबाट

वाणिज्य व्यापार गर्नको लागी घरेलु तथा साना उद्योग विकास समिति, सुर्खेतमा व्यवसायिक फर्म दर्ता भएको पाईयो । यस नगरपालिकाका विभिन्न वडाहरूमा रहेका व्यवसायीक फर्महरू पञ्चपुरी नगरपालिका वडा नं. २ मा सबैभन्दा धेरै व्यावसायीक फर्महरू रहेका छन् ।

**उर्जा/विद्युत सुविधा :**

पञ्चपुरी नगरपालिका अन्तर्गतका बाबियाचौर, विद्यापुर, सालकोट क्षेत्रमा साना ठुला गरिव ६ वटा ग्रामिण लघु जलविद्युत आयोज सञ्चालन भएका र जसबाट १०४.५ किलो बाट विद्युत उत्पादन भई १६६६ घरपरिवारले लाभ लिएका छन् विद्युतको लगातार सप्लाइ नभएको कारण घरमा उज्यालोको लागी सोलार पनि राखेका छन र यहाँका अधिकांश घरधुरीले विद्युत सेवाको विकल्पको रुपमा सोलार उर्जालाई लिएको देखिन्छ । यस नगरपालिकाको बत्तीको स्रोतको आधारमा घर परिवारलाई विश्लेषण गर्ने हो भने जम्मा ६३०४ घरधुरीमध्ये ८६ घरधुरीले वत्तिबाल्नको लागी विजुलीवत्तिको प्रयोग गरेका छन् । त्यसैगरी मट्टितेलको प्रयोग गर्ने घरधुरी संख्या ८६ रहेको छ भने वायोग्यासको प्रयोग गर्ने घरधरुरीसंख्या २४ हेको छ । सोलासको प्रयोग यहाँका अधिकांश १९९४ घरधुरीले गरिरहेका छन भने ४११८ घरधुरीले अन्यस्रोत एवम ५२ घरपरिवार उल्लेख नभएका देखिएको छ ।

त्यसै गरी खानापकाउने इन्धनको मुख्य स्रोत भनेकै काठ दाउरा रहेको छ । काठदाउराबाट खानापकाउने घरधुरी यस नगरपालिकामा ६१७२, मट्टितेल प्रयोग गर्ने ८, एल.पी. ग्यासको प्रयोग गर्ने ८, गुइठा वा गोहराको प्रयोग गर्ने २८, गोवर ग्यासको प्रयोग गर्ने २७, अन्य ६ अनुत्तरीत ५५ घरधुरी रहेका छन् । समग्रमा हेर्ने हो भने यस नगरपालिकामा मुख्यगरी काठदाउरा नै खानापकाउने कार्यको लागी प्रयोग भएको देखिन्छ ।

**संञ्चार सुविधाः**

पञ्चपुरी नगरपालिकामा दुर सञ्चार सुविधा प्रदायक संस्थाहरूमा नेपाल दुरसञ्चार संस्था लिमिटेड र एनसेल नेपालले सेवा प्रदान गरिरहेका छन् । दुर सञ्चार सस्थाले यस क्षेत्रमा स्काई रिम मार्फत फोन तथा इन्टरनेटको सुविधा पुऱ्याउदै आएको छ । त्यस्तै यसले जि एस एम तथा सि.डि.एम.ए. मार्फत् पनि फोन तथा इन्टरनेट सेवा प्रदान गर्दै आएकोछ । एनसेल नेपालले पनि जि.एस.एम. प्रविधिमा आधारित फोन तथा इन्टरनेट सुविधा पुऱ्याउदै आएको छ । यस नगरपालिकामा मोवाइल टावस जी.एस.एम.का टावरहरु ३ वटा र एनसेल मोवाइलको १ वटा टावर रहेको छ । यो नगरपालिकामा जम्मा ३७८ जनाले जि.एस.एम. पोष्टपेड मोवाइल चलाउँछन् भने जी.एस.एम. प्रिपेड मोबाइल चलाउनेको संख्या सबैभन्दा धेरै १४९८८ जना रहेको छ । स्काई पोस्टपेज मोबाइल चलाउने १७२ जना रहेका छन भने स्काई प्रिपेड चलाउनेहरु २५३१ जना रहेका छन् ।

त्यसैगरी यस यस नगरपालिकामा प्रमुख रेडियोको रूपमा रेडियो नेपाल नै रहेको छ । रेडियो नेपाल क्षेत्रिय प्रसारण केन्द्र सुर्खेत मार्फत् रेडियो नेपालले जिल्लाको सम्पूर्ण गाँउहरूमा रेडियो सुविधा पुऱ्याउदै आएका छ । त्यसरी नै यस क्षेत्रमा स्थापना भएका एफ.एम.हरूमा रेडियो भेरी एफ. एम., जागरण एफ. एम., सुर्खेत एफ. एम., प्रदेश एफ. एम. र बुलबुले एफ. एम. र डाँडादरा एफ.एम. रहेका छन् । यस नगरपालिकाभित्र रेडियो भएका घरपरिवार ५८.८८

प्रतिशत, टि.भी. सुविधा भएका १.४४ प्रतिशत, केवल लाइन जोडेका ०.१७ प्रतिशत, कम्प्युटर सुविधा भएका ०.१४ प्रतिशत, इन्टरनेट सुविधा भएका ०.०६ प्रतिशत, टेलिफोन भएका ०.५२ प्रतिशत घरधुरी रहेका छन् ।

**खानेपानी तथा सरसफाईः**

पञ्चपुरी नगरपालिका पानीको स्रोतका आधारमा अत्यन्तै धनि रहेको भए तापनि उचित व्यवस्थापन र वितरणको अभावका कारण यहाँका जनताहरु खानेपानीको समस्याबाट गुज्रिरहेका छन् । उचित व्यवस्थापन र वितरणको कारण भने जनसंख्याको तीब्र वृद्धि, भौगोलिक वनावट नै प्रमुख कारणहरु रहेका छन् । यस नगरपालिका अन्तर्गतका विभिन्न वडाहरूको विश्लेषण गर्दा धारा वा पाइपबाट खानेपानीको प्रयोग गर्ने घरधुरी संख्या ३९७८, ट्युवेल वा हातेपम्पको प्रयोग गर्ने २५, ढाकिएको इनार र कुवाप्रयोग गर्ने ९२, खुला इनार वा कुवा प्रयोग गर्ने ३९४, लिफ्ट, पोखरी प्रयोग गर्ने १५७६ मुलधारा प्रयोग गर्ने १७८, अन्य ८ र अनुत्तरीत ५३ घरधुरी हरु रहेका छन् । गुणस्तरीय जीवनका लागी असल स्वास्थ्यको महत्वपूर्ण भूमिका रहेको हुन्छ । मानिसको जीवनमा अत्यधिक स्वास्थ्य समस्या निम्त्याउने स्रोतहरुमा प्रदुषित पिउने पानी र अस्वस्त वातावरण नै रहेका छन । मानिसहरूलाई स्वस्थ र स्वच्छ वातावरण सिर्जना गर्नका लागी शिक्षा र चेतनाको आधारभूत आवश्यकताको जानकारी दिँदै नगरले उनीहरुलाई खानेपानी र सरसफाइमा सबल बनाउँदै लैजानु पर्ने पहिलो दायित्व रहेको देखिन्छ ।

**भवन तथा आवास :**

यस नगरपालिकाका घरहरूलाई घरको स्वामित्वको आधारमा वर्गिकरण गर्दा जम्मा ६१४२ अर्थात् (९७ प्रतिशत घरपरिवारले आफ्नै घरमा बसोबास गरेको, ७९ घरपरिवार भाडामा, ३ घर परिवार संस्थागत घरमा बसेको पाइयो भने ८० अन्य तरिकाले बसोवास गरेको पाइयो । यस नगरपालिकामा बसोवास गर्ने अधिकांश नागरिकहरूको बसोवासका लागी आफ्नो घर भएको तथा केहि बाहिरबाट काम, अध्ययन तथा रोजगारको सिलसिलामा यस क्षेत्रमा अस्थायी बसोवास गर्ने नागरिकहरू मात्र भाडामा वस्ने गरेको पाइयो ।

त्यसै गरी पञ्चपुरी नगरपालिकामा मुख्य गरि आवास प्रयोजनका लागी तयार गरिएको घरहरूमा खरले छाएको घरको संख्या तुलनात्मक रूपमा बढि ५४२८ घरधुरी देखिन्छ । यसका साथै नगरपालिका अन्तर्गतका विभिन्न वडाहरूमा आवासका लागी टिनको छानाको प्रयोग गर्ने घरधुरीहरू ५८४, टायल तथा ढुङ्गाको छाना भएको १२५, आर.सि.सि. ५१, काठले छाएको ३३ अन्य १ र उल्लेख नभएको ८२ घरधुरी हरु रहेका छन्

**शिक्षाः**

यस पञ्चपुरी नगरपालिकामा कुल शैक्षिक संस्थाहरुको संख्या ६१ रहेको छ भने त्यसमा एउटा प्राविधिक शिक्षालय पनि रहेको छ । को समग्र शैक्षिक अवस्था सुधारका लागी विभिन्न शैक्षिक सेवाहरू प्रवाह गर्नका लागी स्थापना भएका शैक्षिक संस्थाहरू कुल ६१ रहेका छन् । ६१ वटा स्कुलमध्ये १७ वटा सरकारी, १ ओटा सामुदायिक र ७ वटा निजी रहेका छन् भने तहगत रुपमा हेर्दा एउटा प्राविधिक, ८ वटा माध्यमिक र बाँकी आधारभूत विद्यालयहरु रहेका छन् । यस नगरपालिकामा उच्च शिक्षाकोलागी कुनै पनि विश्वविद्यालय तहको पढाइ हुने गरेको देखिँदैन ।

यो नगरपालिकामा लेखपढ गर्न सक्ने जनसंख्या १९७४५, पढ्नमात्रै सक्ने ६७१ जना र लेखपढ गर्न नसक्ने ७६६८ जनसंख्या रहेको छ ।

**स्वास्थ्य :**

पञ्चपुरी नगरपालिकामा प्राथमिक स्वास्थ्य केन्द्र, १, स्वास्थ्य चौकी ४, आयुर्वेद औषधालय १, सामुदायिक स्वास्थ्य ईकाइ १ गरी जम्मा ७ वटा स्वास्थ्य संस्थाहरु रहेका छन् । जसमा ३ जना हे.अ. र सि.अ.हे.व., १ जना स्टाफ नर्स, ८ जना अ.हे.व., ७ जना अनमि, १ जना ल्याव टेक्निसियन, ४ जना कार्यालय सहयोगी गरी जम्मा ३२ जना स्वास्थ्य कार्यकर्ता कार्यरत रहेका छन् ।

**बैंक, वित्तीय संस्था तथा सहकारी :**

यस नगरपालिकामा कूल ४ वटा बैंकहरु राष्ट्रिय वाणिज्य बैंक, काकेविहार बैंक, एन.सि.सि. बैंक र निर्धन उत्थान बैंकका शाखा कार्यालयहरु रहेका छन् । त्यसै गरी यस नगरपालिकामा कूल ५१ वटा सहकारी संस्थाहरूले सामान्य आर्थिक सेवा दिइरहेका छन् ।

**फोहरमैला व्यवस्थापनः**

यस नगपालिकाले फोहोरजन्य वस्तुहरुको व्यवस्थापनको लागी उचित तवरको ल्याडफिल्ड साइडको व्यवस्था गरेको छैन । नगरपालिकाले यस्ता फोहोहरुको विशेष गरि खोला खोल्सा, नदी किनारा, घर नजिकै खाडल बनाएर यसको विसर्जन गर्ने गरेको देखिन्छ । यस नगरपालिकामा आगामी दिनमा नगरलाई सफा र स्वच्छ गराउनका लागी फोहरमैला व्यवस्थापन गर्न अत्यन्त आवश्यक छ । त्यसैगरी वातावरण प्रदुषणको मुख्य कारक तत्व नै जथाभावि दिसा पिसाब र फोहोर मैला गर्नु नै हो । खुला रूपमा दिसा पिसाब गर्नाले विभिन्न किसिमका महामारी रोगहरू फैलिने गरेको इतिहास हामीसामु रहेको छ । यसका लागी शौचालयको प्रयोग गर्नु अनिवार्य रहेको छ । यस पञ्चपुरी नगरपालिकालाई पनि खुला दिसामुक्त क्षेत्र घोषणा गरि सकिएको छ । यस नगरपालिकामा जम्मा ६३०४ घरधुरी मध्ये अधिकांश घरहरूले शौचालय निर्माण गरि प्रयोग गरिरहेको पाइएको छ । नेपालको जनगणना २०६८ को तथ्यांकमा शौचालय नभएको परिवार संख्या जम्मा १४३५ देखिए तापनि त्यसपछि सरसफाई अभियान संचालन गरि शौचालय अनिवार्य गरिएकाले लगभग सबै घरधुरीहरूमा शौचायल रहेको छ ।

## २.२ पञ्चपुरी नगरपालिकाको मानव संसाधनको अवस्था

नगरपालिकाको निर्वाचन २०७९ वैशाख ३१ गते सम्पन्न भएसँगै हाल नवनिर्वाचित जनप्रतिनिधिहरू मार्फत् नगरपालिकाको कार्य सञ्चालन हुँदै आएको छ । यस नगरपालिकामा रहेको दरबन्दी अनुसार हाल निम्नानुसार कर्मचारीहरू कार्यरत रहेका छन् । जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

पञ्चपुरी नगरपालिकाको कार्यलयमा विभिन्न विषयगत शाखामा गरी कुल ४३ जना कर्मचारीहरू रहेका जसलाई पद एवम् विषयगत शाखा अनुसार तलाको तालिकामा देखाइएको छ ।

| क्र.सं. | पद | शाखा | पदपुर्ति | | |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार | जम्मा |
| १. | प्रमुख प्रशासकीय अधिकृत | कार्यालय प्रमुख | | | १ |

| क.सं. | पद | शाखा | पदपुर्ति | | |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार | जम्मा |
| २. | नगर शिक्षा प्रमुख | शिक्षा, युवा तथा खेलकुद शाखा | | | १ |
| ३ | लेखा अधिकृत | आर्थिक प्रशासन शाखा | | | १ |
| ४. | सूचना अधिकारी | प्रशासन शाखा | | | १ |
| ५. | सूचना तथा संचार प्रविधि अधिकृत | सूचना प्रविधि शाखा | | | १ |
| ६. | अधिकृत छैठौं | शिक्षा, युवा तथा खेलकुद शाखा | | | १ |
| ७. | अधिकृत छैठौं | प्रशासउन योजा तथा अनुगमन | | | १ |
| ८. | अधिकृत छैठौं | स्वास्थ्य शाखा प्रमुख | | | १ |
| ९. | अधिकृत छैठौं | स्वास्थ्य शाखा | | | १ |
| १० | इन्जिनियर | सहरी योजना तथा पूर्वाधार विकाश साखा | | | १ |
| ११ | रोजगार संयोजक | रोजगार सेवा केन्द्र | | | १ |
| १२ | कम्प्युटर अपरेटर | प्रशाशन शाखा (जिन्सी साखा) | | | १ |
| १३ | लेखापाल | आर्थिक प्रशासन शाखा | | | १ |
| १४ | सहायक स्तर पाँचौ | महिला विकास शाखा | | | १ |
| १५ | सहायक स्तर पाँचौ | कृषि उपशाखा प्रमुख | | | १ |
| १६ | एम.आइ.एस अपरेटर | एम.आइ.इस. सेवा इकाइ | | | १ |
| १७ | एम.आइ.एस अपरेटर | एम.आइ.इस. सेवा इकाइ | | | १ |
| १८ | हे.अ. पाँचौ | स्वास्थ्य शाखा | | | १ |
| १९ | सव इन्जिनियर | सहरी योजना तथा पूर्वाधार विकास साखा | | | १ |
| २० | सव इन्जिनियर | प्रधानमन्त्री रोजगार कार्यक्रम | | | १ |
| २१ | सवओभरयिसर | भौतिक तथा पूर्वाधार शाखा | | | २ |
| २२ | सह लेखापाल | आर्थिक प्रशासन शाखा | | | १ |
| २३ | प्राविधिक सहायक | शिक्षा, युवा तथा खुलकुद शाखा | | | १ |
| २४ | अमिन | भवन तथा वस्तीविकास उपशाखा | | | २ |
| २५ | सहायक स्तर चौथो | राजस्व उपशाखा | | | १ |
| २६ | सहायक स्तर चौथो | कृषि विकास शाखा | | | १ |
| २७ | एम.आई. एस. फिल्ड सहायक | एम.आई. एस.सेवा इकाइ | | | १ |
| २८ | सहायक स्तर चौथो | प्रशासन शाखा | | | १ |
| २९ | सव ओभर सियर | सहरी योजना तथा पूर्वाधार विकास शाखा | | | १ |

| क.सं. | पद | शाखा | पदपुर्ति | | |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार | जम्मा |
| ३० | खा.पा.से.ट. | उद्योग तथा व्यवसाय प्रवर्द्धन शाखा | | | १ |
| ३१ | सहायक स्तर चौथो | पशुपंक्षी विकास उपशाखा | | | १ |
| ३२ | सामाजिक परिचालक | नागरिक सहायक कक्ष/महिला तथा वालवाकिल शाखा | | | १ |
| ३३ | सहायक स्तर चौथो | कृषि विकास उपशाखा | | | २ |
| ३४ | सहायक स्तर चौथो | पशुपंक्षी विकाश उपशाखा | | | २ |
| ३५ | सामाजिक परिचालक | दर्ता चलानी शाखा | | | १ |
| ३६ | अपरेटर | सवारी चालक | | | १ |
| ३७ | अपरेटर | हेवि सवारी चालक | | | १ |
| ३८ | अपरेटा सहायक | हेवि सवारी चालक सहयोगी | | | १ |
| ३९ | कार्यालय सहयोगी | | | | १ |

## २.३ पञ्चपुरी नगरपालिकाकाको भौतिक सम्पत्तिको अवस्था

यस पञ्चपुरी नगरपालिका स्वामित्वमा २ वटा भवनहरु रहेका छन जसमा एउटा नगरपालिका भवन र अर्को वडा नं. १ रहेको भवन रहेको छ। यस नगरपालिकाका आफ्नो सवारी साधनहरुमा गाडी, मोटरसाइकल र कार्यालय सञ्चालको लागी आवश्यक फर्निचरहरु, कम्प्युटर, प्रिन्टर, कुर्सि, बेञ्च, टेवलहरु पनि यथेष्ट मात्रामा रहेका छन्।

# परिच्छेद तीन: स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाब्यता

यस परिच्छेदमा उपलब्ध कानुनी व्यवस्था अनुसार नगरपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शीर्षकगत रुपमा विस्तृत विश्लेषण गरिएको छ । यसबाट नगरपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्ययोजनाले संवोधन गर्ने विश्वास लिइएको छ ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था

नेपालको संविधान, २०७२ ले स्थानीय तहलाई निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ:

- सम्पत्ति कर
- मनोरञ्जन कर
- सवारी साधन कर
- घर जग्गा बहाल कर
- विज्ञापन कर
- व्यवसाय कर
- घर जग्गा रजिष्ट्रेशन दस्तुर
- प्राकृतिक स्रोतको आय
- सेवा शुल्क दस्तुर
- दण्ड जरिवाना

संघीय कानुन (स्थानीय सरकार संचालन ऐन, २०७४) अनुसार स्थानीय तहलाई निम्नानुसार आय संकलन गर्ने अधिकार प्रदान गरेको छ :

**(क) गाउँपालिका वा नगरपालिकाको एकल अधिकार:**

**कर**

- सम्पत्ति कर: आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा (आर्थिक ऐन २०७५ र केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संसोधित व्यवस्था)
- भूमि कर (मालपोत): सम्पत्ति कर लगाउने भनि तोकिएको घरजग्गा वाहेकको अन्य जग्गामा (आर्थिक विधयक २०७५ बाट संसोधित व्यवस्था)
- घर जग्गा बहाल कर: कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा
- व्यवसाय कर: पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा
- सवारी कर: टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सामा

- जडिबुटी, कवाडी र जीवजन्तु करः आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे वापत ।

**शुल्क**

- बहाल बिटौरी शुल्कः आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत
- पार्किङ् शुल्कः आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए वापत ।

**सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, प्यारााग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा वा व्यवसायमा
- आफुले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा
- सेवामा(खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फो हरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति,शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल,
- हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि)
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क
- सिफारिस सम्बन्धी कुनै सेवा शुल्क

**दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुरः
  - एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग
  - ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग
- नक्सा पास दस्तुर
- पंजिकरण व्यवस्थापन दस्तुर
- वडा मार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

**बिक्री गर्न सक्ने (केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संसोधित व्यवस्था)**

- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वाताबरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वाताबरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढु·া, गिट्टी, बालुवा एबम् माटोजन्य बस्तुको बिक्री गर्न सक्ने ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।

- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ख) सामुदायिक वनबाट आय प्राप्त गर्ने (केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संसोधित व्यवस्था)**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक
- कार्ययोजना बनाई गाउँपालिका तथा नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ग) प्रदेश तथा संघी य कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संच ालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र वजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संच ालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

संघीय कानुन (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४) अनुसार स्थानीय तहलाई निम्नअनुसारवित्तिय अधिकार प्रदान गरेको छ :

**(क) एकल कर प्रशासन सम्वन्धी व्यवस्था (आर्थिक ऐन २०७५ बाट संसोधित व्यवस्था)**

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख) घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ।

(ग) मनोरंजन करको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने

(घ) विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने।

- प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिने
- आयोगले निर्धारण गरेको निर्धा।ण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने
- प्रदेशले मासिक रुपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने

**(ख) राजस्व बाँडफाँड**

- नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय बिभाज्य कोषमा जम्मा हुने
  - आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने
  - स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने
- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
  - प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टि बार्षिक रुपमा प्राप्त हुन

**(ग) प्रदेश तथा संघी य कानून अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संच ालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल

- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रसोधन र वजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संच ालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

संघीय कानुन (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४) अनुसार स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छ :

(क) एकल कर प्रशासन सम्वन्धी व्यवस्था (आर्थिक ऐन २०७५ बाट संसोधित व्यवस्था)

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख) घरजग्गा रजिश्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ।

(ग) मनोरंजन करको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने

(घ) विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिने
- आयोगले निर्धारण गरेको निर्धा।ण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने
- प्रदेशले मासिक रुपमा सम्वन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने

### (ख) राजस्व बाँडफाँड

नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र अन्त शुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय बिभाज्य कोषमा जम्मा हुने

- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने
- स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने

प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टिको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत

- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टि बार्षिक रुपमा प्राप्त हुने

**(ग) अनुदान**

- बित्तीय समानीकरण अनुदानः खर्चको आवस्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा संघ र प्रदेशबाट प्राप्त
  - सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
  - समपूरक अनुदान : पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
  - बिशेष अनुदान : कुनै खास उदेश्य र योजनाको लागी संघ र प्रदेशबाट

**(घ) बैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएरमात्र बैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएरमात्र वित्त आयोगले सिफारिस गरेको सिमा भित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यकालागी ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई ब्याख्या गरेको छ। स्थानीय तहले कानून बमोजिम वा हेक आफ्नो अधिकार क्षेत्रमा कुनै क र लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन्।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, बस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने ( संवैधानिक व्यवस्था)
- कर नलाग्नेः कुटनीतिक नियोग, कुटनितिज्ञ, बैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको विकृ नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने

## ३.२ नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

कानुनी अधिकारको आधारमा नगरपालिकाका सम्भाव्य आय शीर्षकहरूको परिचालनका अवस्था विश्लेषण गरिएको छ । यसअन्तर्गत नगरपालिकामा सम्भावना भएका आय शीर्षकहरूको संभाव्यता, संकलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई पहिचान गरिएको छ।

**तालिका ३: नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था**

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था भएको/नभएको | संकलन भएको/नभएको |
|---|---|---|---|---|
| **क.** | **कर तर्फ** | | | |
| | भूमि कर (मालपोत) | छ | भएको | भएको |
| | सम्पत्ति कर | छ | भएको | भएको |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छ | भएको | भएको |
| | घर जग्गा बहाल कर | छ | भएको | भएको |
| | व्यवसाय कर | छ | भएको | भएको |
| | जडिबुटी, कवाडी र जिवजन्तु कर | छ | भएको | भएको |
| | विज्ञापन कर | छ | भएको | नभएको |
| | मनोरन्जन कर | छ | भएको | नभएको |
| **ख.** | **अन्य राजस्व** | | | |
| | स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री | छ | भएको | भएको |
| | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | छैन | छैन | |
| | वन पैदावर (सामुदायिक वनको) बिक्री वापतको आय | छ | नभएको | नभएको |
| | नक्सापास दस्तुर | छ | भएको | भएको |
| | व्यक्तिगत घटना दर्ता बिलम्ब शुल्क | छ | भएको | भएको |
| | बहाल बिटौरी शुल्क | छ | भएको | भएको |
| | पार्किङ्ग शुल्क | छ | भएको | नभएको |
| | अस्पताल संचालन | छ | नभएको | नभएको |
| | फोहरमैला व्यवस्थापन शुल्क | छ | नभएको | नभएको |
| | स्थानीय खानेपानी महसुल | छ | नभएको | नभएको |
| | स्थानीय विद्युत महसुल | छ | नभएको | नभएको |
| | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, बन्जीजम्प, जिपप्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवा शुल्क | छ | नभएको | नभएको |

| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था भएको/नभएको | संकलन भएको/नभएको |
|---|---|---|---|---|
| | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकिय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, घोविधाट, सडक, बसपार्क, पुल आदि | छ | नभएको | नभएको |
| | मूल्यांकन सेवा शुल्क | छ | भएको | भएको |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म आदि) | छ | भएको | भएको |
| | ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेट जस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | छैन | छैन | |
| | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| | दण्ड जरिवाना | छ | भएको | भएको |

उल्लेखित तालिकामा नगरपालिकाको करतर्फ ८ शीर्षक र गैरकर तर्फ १८ शीर्षकमा आन्तरिक आयको विद्यमान अवस्था विश्लेषण गरिएको छ । यस तालिका अनुसार नगरपालिकाको अधिकार क्षेत्र अन्तर्गतका आठ किसिमका करमध्ये नगरपालिकाको अध्ययन तथा अवलोकन भ्रमण, कर्मचारी तथा पदाधिकारीहरुसँगको छलफल र नगरपालिकाका दस्तावेजहरुको अध्ययनका आधारमा हाल चार (४) किसिमका करहरु (भूमि कर (मालपोत), घर जग्गा बहाल कर, व्यवसाय कर, जडिबुटी, कवाडी र जिवजन्तु कर)  संकलनको सम्भावना रहेको तथा चार (४) किसिमका करहरु ( भूमि कर (मालपोत), घर जग्गा बहाल कर, व्यवसाय कर, जडिबुटी, कवाडी र जिवजन्तु कर) को संकलन र दर निर्धारण समेत भएको देखिन्छ । नगरपालिकामा रहेका

सामुदायिक वनको वन पैदावार बिक्रीबाट केहि कर उठिरहेको हुदा  करमा केही संशोधनमार्फत् थप कर उठाउन सकिने सम्भावना प्रारम्भिक रुपमा आँकलन गरिएको छ । नगरपालिकामा हाल रिक्सा, अटोरिक्सा, इरिक्सा सञ्चालन भएको हुँदा यस्ता सवारी साधनहरुबाट  पनि कर उठाउन सकिने सम्भावना छ ।दनगरपालिकाले विज्ञापन कर, मनोरञ्जन कर आदी को आर्थिक ऐनमा करको दर निर्धारण गरेता पनि हालसम्म राजस्व संकलन गरेको छैन।

गैरकरतर्फका राजस्वका १८ शीर्षकमध्ये १६ शीर्षकमा राजस्व संकलनको सम्भावना रहेको भए पनि हाल ८ किसिमका शीर्षक ( लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको बिक्री,काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री, व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क, बहाल बिटौरी शुल्क, अस्पताल संचालन, दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म आदि)र वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर बाट मात्र कर संकलन भइरहेको र ९ वटा शीर्षकमा दर निर्धारण भएको देखिन्छ।  गैरकरतर्फ पार्किङ्ग शुल्क  शुल्कको पनि राम्रो सम्भावना रहेको छ र दर निर्धारण भएको छ तर शुल्क उठेको देखिदैन । यस कार्ययोजना अवधिमा अस्पताल सञ्चालन शुल्क उठ्न सक्ने सम्भावना देखिएको छ र बाँकी गैरकरहरु उठ्न सक्ने सम्भावना देखिन्छ । नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क को संभावना देखिदैन । नगरपालिकालाई स्थानीय खानेपानी महसुल, स्थानीय विद्युत महसुल असुल गर्ने अधिकार प्राप्त भएतापनि यसको हाल सम्म दर निर्धारण तथा संकलन भएको छैन ।

## ३.३ आन्तरिक स्रोत तर्फका राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

### ३.३.१ स्थानीय कर राजस्व

**क. सम्पत्ति कर**

**हालको अवस्था :** नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ अनुसार स्थानीय तहले आफ्नो तहभित्र रहेका घर तथा घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था गरेको सन्दर्भमा संघीय कानुनसँग तादात्म्य हुने गरी नगरपालिकाको आर्थिक ऐन बनाउनु पर्ने भएको छ । आ.व. २०७७/०७८ मा यस नगरपालिकाले रु. १३८५९९३.६४ सम्पत्ति कर उठाएको देखिन्छ।

**संभाव्यता :** यस नगरपालिकामा वि.सं. २०६८ को जनगणना अनुसार कुल ६३०४ घरपरिवार रहेकोमा नगरपालिकाले हालै २०७५ तयार गरेको वस्तुगत विवरण अनुसार कुल ७२१२ घरपरिवार रहेको तथ्यांक उपलब्ध छ । नगरपालिकाको वस्तुगत विवरण तथा  केन्द्रीय तथ्यांक विभाग, २०६८ को जनगरणा अनुसार कूल घर परीवार मध्ये करिव ९७ % को आफ्नै घर रहेको देखिन्छ  (के.त. वि., २०६८) । यसलाई मान्दा करिव ६९९५ घरधुरीको आफ्नै घर रहेको हुँदा सो घरधुरीलाई  नै कूल सम्पत्ति करदाता संख्या कायम गरिएको छ । तसर्थ नगरपालिका प्रोफाइलमा उल्लेख भए बमोजिम कूल घरधुरीका स्वामित्वमा भएका घरहरुलाई घरहरूलाई कच्ची र

फुस/खरले छाएका घर, ढुंगा, माटो/खर/टायल/टिनको छानो भएका घर, टायल वा ढुगांले छाएका घर, र वाल सिस्टम/पिलर सिस्टम/भूकम्प प्रतिरोधी घर गरी ४ समूहमा विभाजन गरी यी चार किसिमका घरधुरीलाई तल उल्लेखित दरमा कर निर्धारण गर्नु उपयुक्त हुने प्रस्ताव गरिएको छ। यस अनुसार हुन आउने सम्पत्ति करको गणना निम्न अनुसार रहेको छ :

**तालिका ४: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर**

| करदाता सम्बन्धी विवरण | करदाताको संख्या | करको औसत दर (प्रशतावित) | सम्भाव्य क”ल आय रु. |
|---|---|---|---|
| कच्ची र फुस/खरले छाएको घर भएका करदाता | ८६% (६०१५) | २५० | १५,०३,७५० |
| टिन/जस्ता को छानोको घर भएका | १०% (७००) | ३०० | २,१०,००० |
| टायल वा ढुंगाले छाएका घर भएका करदाता | २% (१४०) | ३५० | ४९,००० |
| ,आर. सि. सि.घर भएका करदाता | १% (७०) | ४५० | ३१,५०० |
| काठले छाएको घर भएका करदाता | १% (७०) | २५० | १७,५०० |
| **जम्मा** | **६९९५** | | **१८,११,७५०** |

स्रोतः राष्ट्रिय जनगणना २०६८, नगरपालिकाको वस्तुगत विवरण २०७५

यस आधारमा विश्लेषण गर्दा उक्त ६९९५ सम्भाव्य करदाताबाट सम्पत्ति कर स्वरुप वार्षिक रु. १८,११,७५० संकलन हुन सक्ने सम्भावना देखिन्छ।

**सुधारका पक्षहरू :** सम्पत्ति करको सम्भावना भए पनि यो नगरपालिकाले यो कर संकलनको अभ्यास सुरु गरेको पाइँदैन । सम्पत्ति कर लाइ एकिकृत सम्पत्ति कर को रुपमा करको दर निर्धारण गरेको छ । अत: यसमा नगरपालिकाले कुन कर कसरी लिने भन्ने विषयमा स्पष्ट हुन जरुरी देखिन्छ । यदि आगामी वर्षदेखि सम्पत्ति कर शुरु गर्ने योजना भएमा त्यसको सुरुवात तत्कालै गर्नुपर्ने देखिन्छ। सम्पत्ति करका सम्बन्धमा सुधारका विषयहरु निम्नअनुसार रहेका छन् :

- चालु आ.व.को आर्थिक ऐन बनाई सम्पत्ति (जग्गा तथा संरचना) मूल्याङ्कनको आधार तथा दर निर्धारण गर्ने
- सम्पत्ति कर संकलन प्रक्रिया तथा सम्पत्ति कर व्यवस्थापन कार्यविधी तर्जुमा गर्ने
- वडागत रुपमा कर सचेतना अभियान संचालन गर्ने
- घर करको रुपमा लिइएको सम्पत्ति करलाई सम्पत्ति कर नै उल्लेख गरी प्रगतिशिल करको दर निर्धारण गरि समावेश गर्ने।

- न्यूनतम शुल्कबाट सम्पत्ति कर सुरु गरी बढीभन्दा बढी करदातालाई करको दायरामा ल्याउने
- सम्पत्तिको स्वयंघोषणाको सूचना दिई करदाता विवरण दर्ता गर्ने
- सम्पत्ति कर संचालन सफ्टवेयर निर्माण गर्ने
- वडा कार्यालय सहित नगरपालिकाका कर्मचारीका लागी क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने ।

**ख. मालपोत (भूमि) कर**

**हालको अवस्था :** मालपोत कार्यालय सुर्खेतले ले न्यूनतम् मूल्य निर्धारण समितिको मिति २०७८/०३/२७ को निर्णयानुसार मालपोत नियमावली, २०३६(संसोधन सहितको) नियम ५ ख बमोजिम सुर्खेत जिल्लाका नव गठित गाउँपालिका/नगरपालिका हरुको जग्गा मूल्याङ्कन दर निर्धारण गरेको छ । यसै गरी नगरपालिकाको चालु आ.व.को आर्थिक ऐनमा नगरपालिका क्षेत्रभित्रका जग्गाहरुलाई सडकको पहुँच तथा जग्गाको किसिमको आधारमा वर्गीकरण गरी मालपोत कर रकम तय गरेको छ। आ.व. २०७७/७८ मा कुल रु. ७६०३४.२० ( छिहत्तर हजार चौतिस रुपैया मात्र) मालपोत असुल भएको देखिन्छ।

**संभाव्यता :** हालैको नेपाल ऐन संशोधन अनुसार स्थानीय तहले आफ्नो तहभित्र रहेका घरहरुले चर्चेको क्षेत्रभित्र सम्पत्ति कर र त्यसबाहेकको जमिनमा मालपोत लगाउन पाउने व्यवस्था गरेको छ । नगरपालिकाले हाल विगत वर्षहरुको प्रचलित दर रेटका आधारमा भूमिकर/मालपोत संकलन गरिरहेको हुँदा भूमिको उत्पादकत्व, मूल्य तथा समग्र विद्यमान संभावना, स्थानीय वासिन्दाको कर तिर्न सक्ने क्षमता, सडकलगायतका पूर्वाधार विकासको अवस्था जस्ता विविध पक्षहरुको विश्लेषणमा आधारित रही भूमिको वर्गीकरण गरी सो आधारमा भूमिकर निर्धारण गर्नुपर्ने देखिन्छ। यसबाट भूमि अनुसारको वैज्ञानिक ढंगबाट कर निर्धारण भई नगरपालिका तथा नागरिक दुवै पक्ष लाभान्वित हुन सक्ने देखिन्छ।

न्गरपालिकाले तयार गरेको वस्तुगत विवरण अनुसार नगरपालिकामा कुल ७२१२ घरपरिवार रहेको तथा खेती खेती गरिएको जमिन ३२०६ हेक्टर रहेको तथ्यांक उपलब्ध छ। यस अनुसार मालपोत योग्य जमिनको क्षेत्रफल ६३०१८ रोपनी रहेको र नगरपालिकाको चालु आ.व.को आर्थिक ऐनमा उल्लेख मालपोत दर लाई सन्दर्भ सामाग्रीका रुपमा प्रयोग गरीएको छ र सोही मूल्यांकनका आधारमा जग्गाको मूल्य गणना गरि प्रति रोपनी औसत मालपोत कर रु. १५ का दरले गणना गर्दा नगरपालिकाले मालपोत वापत कुल रु. ९ लाख ४५ हजार २७० संकलन गर्न सक्ने देखिन्छ।

**सुधारका पक्षहरू :** नगरपालिकाका पदाधिकारी तथा कर्मचारी बीचको छलफलबाट भूमि करमा सुधारका लागी निम्न अनुसार कार्यहरु गर्न सुझाइएको छ :

- चालु आ.व.को आर्थिक ऐन तयार गरी सडक तथा अन्य प्रमुख पूर्वाधारको विकास तथा जमिनको उपयोगको आधारमा भूमिको मूल्याङ्कन र वर्गीकरण गरी मालपोतको दर

निर्धारण गर्ने । दर निर्धारण गर्ने क्रममा मालपोत कार्यालयसँग समन्वय गरी मूल्यांकनलाई व्यवहारिक बनाउने ।

- नगरपालिका भित्र रहेको कुल खेती योग्य जमिनको किसिमका आधारमा लगत तयार गर्ने ।
- भूमिकर सम्बन्धी कार्यविधी तर्जुमा गरी कर संकलन गर्ने
- सडकहरुको नक्साङ्कन, नामकरण र लगत कट्टाको व्यवस्था गर्ने
- मलपोत तथा सम्पत्ति करमा दर्ता भएका करदाताको विवरणहरू व्यवस्थित रुपमा अभिलेखीकरण गर्ने ।
- जम्मा भएको मालपोत कर सम्बन्धित शीर्षकमा आय दाखिला गर्ने ।

**ग. घरजग्गा बहाल कर**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५७ मा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले घर,पसल, ग्यारेज, गोदाम, भवन, टहरा, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक रूपले बहालमा लिएकोमा नगरपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था रहेको छ ।

**हालको अवस्था :** नगरपालिकाले आर्थिक ऐनमा व्यवस्था गरे बमोजिम घरजग्गा बहालमा लगाए वापत बहालमा लगाएको शुल्कको १०% का दरले घरजग्गा बहाल कर असुलउपर गर्दै आएको छ । यस नगरपालीकामा केही संस्थाहरुले स्वस्फूर्त रुपमा बहाल कर तिरेको हुँदा घरजग्गा बहाल करवापत नगरपालिकाले आ.व. २०७७/७८ मा रु ३८११६७.१२ रकम संकलन गरेको छ । यद्यपि नगरपालिकाले घरजग्गा बहाल कर संकलनका लागी विशेष प्रयास गरी प्रभावकारी रुपमा यो कर संकलन गर्न सकेको छैन । आ.व. २०७८/०७९ मा यस नगरपालिकाले घर बहाल कर रु. दुई लाख संकलन गर्ने लक्ष्य राखिएको छ ।

**संभावना :** नगरपालिकाको वस्तुगत विवरण तथा विभिन्न स्रोतबाट संकलित तथ्यांक अनुसार नगरपालिका क्षेत्रमा बैंक ४ वटा सहकारी संस्थाहरु ५१ वटा, यसैगरी विभिन्न गैह्रसरकारी संस्थाहरु १०० वटा तथा अन्य व्यवसायीहरु १३६ रहेको अनुमान छ । राष्ट्रिय जनगणना २०६८ को बमोजिम ८० परीवार बहालमा बस्ने गरेको उल्लेख छ । यस तथ्यांकका आधारमा घर बहालमा बस्नेको संख्या र सम्भावित घरबहाल कर निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५: घरजग्गा बहाल करको सम्भाव्यता विवरण**

| क्र.सं. | प्रयोजनका आधारमा बहालमा बस्ने | संख्या | बहालमा बस्ने अनुमानित संख्या | मासिक औसत भाढा रकम | जम्मा वार्षिक भाडा रकम | घर बहाल कर |
|---|---|---|---|---|---|---|
| १ | बैंक | ४ | ४ | ५००० | २४०००० | २४००० |
| २ | सहकारी | ५१ | ३० | २००० | ७२०००० | ७२००० |
| ३ | गैह्रसरकारी संस्था | १०० | १०० | ३००० | ३६०००००० | ३६०००० |
| ४ | होटेल/अन्य व्यवसायहरु | ३१४ | ५० | १००० | ६००००० | ६०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | घरायसी प्रयोजनमा बस्नेहरु | ८० | ८० | ५०० | ४८०००० | ४८००० |
| | | | | | **कुल** | **५,६४,०००** |

व्यक्ति र संस्थाका लागी प्रस्तावित विभिन्न दर रेटमा आधारित रही घर बहाल कर संकलन गर्दा नगरपालिका भरिमा कुल रु. ५,६४,००० घर बहाल कर उठ्न सक्ने सम्भाव्यता पेश गरिएको छ ।

**सुधारका पक्षहरू :**

- चालु आ.व.को आर्थिक ऐन तयार गरी घरजग्गा बहाल सम्बन्धी लगत विवरण संकलन गरी वार्षिक रुपमा अद्यावधिक गर्ने ।
- घरजग्गा बहाल कर व्यवस्थापन कार्यविधी तर्जुमा गर्ने
- घरजग्गा बहाल रकम मूल्यांकन गर्न संरचनाको प्रकार र स्थानको आधारमा प्रति वर्गफिटको दर लगायतका विधि सम्बन्धमा अध्ययन गरी बहाल मूल्य निर्धारण गर्ने र सो बमोजिम बहाल रकम निर्धारण गरी कर संकलन गर्ने ।
- वार्षिक रुपमा घरजग्गा बहाल करको दर पुनरावलोकन गर्ने ।

**घ. व्यापार व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५८ मा नगरपालिका क्षेत्रभित्र सञ्चालित व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था रहेको छ ।

**हालको अवस्था:** नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका व्यवसायहरूलाई होटल, रेष्टुरेन्ट एण्ड बार, स्टेशनरी तथा पुस्तक पसल, माछामासु तथा फलफुल पसल, अस्पताल, शिक्षण संस्था, होमष्टे, शैलुन, थोक तथा खुद्रा पसल लगायतका विभिन्न व्यवसाय किसिममा वर्गीकरण गरी वार्षिक व्यवसाय करको दर निर्धारण गरेको छ । व्यवसाय कर न्यूनतम रु. ५०० देखि अधिकतम रु. ३५,००० सम्म तोकिएको छ । यस नगरपालिकामा आ.व. २०७७/७८ मा व्यवसाय कर वापत रु.४५,१०३ कर असुल गरेको पाइन्छ । आ.व. २०७८।०७९ मा व्यवसाय कर वापत रु.२,५०,००० असुल गर्ने लक्ष्य लिएको देखिन्छ ।

**करको संभावना:** नगर प्रोफाइल २०७५ अनुसार यस नगरपालिकामा व्यापार र व्यवसायको संख्या हेर्दा ३१४वटा व्यवसायहरू संचालनमा रहेका छन् । व्यवसायहरू मध्ये सबैभन्दा उच्च संख्यामा किराना पसलहरू सञ्चालन रहेका छन् । यहाँ सञ्चालनमा रहेका उद्योग व्यवसायहरूलाई होटल तथा रेष्टुरेण्ट, लघु तथा घरेलु उद्योग, बैंक तथा वित्तीय संस्था, किराना, इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स पसल, कस्मेटिक तथा व्युटी पार्लर, कपडा तथा फेन्सी, तथा अन्यमा वर्गिकरण गरी स्थानीय उद्योग वाणिज्य संघको सहकार्यमा कर निर्धारण गरी राजस्व प्राप्त गर्ने सम्भावना रहेको देखिन्छ । हालै केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गरेको राष्ट्रिय आर्थिक गणना २०१८ को प्रारम्भिक नतिजा अनुसार यस नगरपालिकामा ७५२ वटा व्यवसाय रहेका र १,९८० जना व्यवसायमा संलग्न रहेको देखिन्छ ।

तालिका ६: व्यवसाय सम्बन्धी विवरण

| व्यवसाय | संख्या | करको औषत दर (प्रस्तावित) | संभावित राजस्व (रू. मा) |
|---|---|---|---|
| कृषि, वन, माछा पालन | २३ | ५०० | ११५०० |
| निर्माण व्यवसाय | ८९ | १००० | ८९००० |
| खानी, बिद्युत, ग्याँस, खानेपानी तथा निर्माण | ५ | १००० | ५००० |
| थोक तथा खुद्रा व्यापार | ४३० | ८०० | ३४४००० |
| ढुवानी, भण्डारण, सूचना र सञ्चार | ८ | १५०० | १२००० |
| होटल, लज | ८३ | १५०० | १२४५०० |
| वित्त, वीमा | १३ | २००० | २६००० |
| शिक्षा | ५६ | १५०० | ८४००० |
| मानव स्वास्थ्य र समाजिक कार्य | १९ | १००० | १९००० |
| घरजग्गा, पेशागत व्यवसाय, वैज्ञानिक, प्रशासनिक, कला, मनोरञ्जन र अन्य | २६ | १००० | २६००० |
| | | **जम्मा** | ७,४१,००० |

श्रोत: आर्थिक सर्वेक्षण २०७५, केन्द्रिय तथ्याङ्क विभाग

यस टेबुलको आधारमा विश्लेषण गर्दा व्यवसाय कर असुली गर्दा रु.७,४१,००० संकलन हुने संभावना देखिन्छ । यसैगरी नयाँ व्यवसाय दर्ता तथा नविकरण गर्दा यो राजस्व रकम अझ बढ्न सक्ने देखिन्छ ।

**सुधारका पक्षहरू :** नगरपालिकाको व्यवसाय कर संकलनमा सुधार ल्याउनका लागी निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- नगरपालिकामा भएका सबै व्यवसायको लगत संकलन गर्ने
- ऐनले व्यवस्था गरे अनुसारका सबै व्यवसायलाई गापामा दर्ता गराउने तथा नगरपालिका क्षेत्रमा व्यवसाय गर्नको लागी नगरपालिका कार्यपालिकाबाट व्यवसाय संचालन इजाजत लिनुपर्ने व्यवस्था अनिवार्य गर्ने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- लगानी र आर्थिक कारोवारको आधारमा दर्ता शुल्क र वार्षिक कर निर्धारण गर्ने
- बजार अनुगमन गर्ने, यसका लागी राजस्व परामर्श समितिलाई बढी सक्रिय बनाउने
- कर अभियान सञ्चालन गरी कर सचेतना अभिवृद्धि गर्ने साथसाथै यस सम्बन्धमा नागरिकका गुनासो सुनुवाइ गरी जायज गुनासो सम्बोधनको व्यवस्था गर्ने
- कर प्रशासनमा दण्ड र पुरस्कारलाई नियमित प्रक्रियाका रुपमा स्थापित गर्ने । जस्तै- अधिकतम कर तिर्ने उपभोक्तालाई पुरस्कृत गर्ने । करको दायरामा नआउनेलाई जरिवानाको व्यवस्था पर्ने ।

- प्रभावकारी रुपमा व्यवसाय कर संकलनका लागी आन्तरिक राजस्व कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय तथा उद्योग वाणिज्य संघ आदि कार्यालयहरूसँग आवश्यक सहयोग र समन्वय गर्ने । जस्तै आन्तरिक राजस्व कार्यालयले व्यवसाय संचालनका लागी VAT तथा PAN दर्ता एवं नवीकरण गर्दा स्थानीय निकायको व्यवसाय कर चुक्ता अनिवार्य गरिदिएमा कर संकलन प्रभावकारी हुनेछ ।

**ङ. जडीबुटी, कवाडी, जीवजन्तु कर**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६१ मा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, प्रचलित कानुन बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिका वस्तुको व्यवसायिक उपयोग गरेवापत नगरपालिकाले जडीबुटी, कवाडी तथा जीवजन्तु कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः** नगरपालिकामा जडीबुटी, कवाडी र जीवजन्तुको व्यवसायिक करको प्रचुर संभावना रहेको भएता पनि कर संकलनको अवस्था उत्साहजनक रहेको देखिँदैन । आ.व. २०७७।०७८ मा यस शीर्षक अन्तर्गत ८१,६९३ रकम असुल भएको देखिन्छ भने आ.ब. २०७८।०७९ मा यस वापत रु. २५,००० संकलन गरिने लक्ष्य राखिएको देखिन्छ ।

**करको सम्भावनाः** यस नगरपालिकाको  विशेष गरेर जटामसी, चिराइतो, लौठसल्ला, पाँचऔले, अतिस जस्ता जडीबुटी उत्पादन हुने गरेका छन्  र त्यसको व्यवसायिक कारोबार भईरहेको छ । नगरपालिका क्षेत्रबाट करिव २०,००० किलो जडिबुटी संकलन गर्न सकिने सम्भावनाको आंकलन गरिएको छ । विविध प्रकारका जडिबुटीहरूको निकासी गर्दा औषतमा प्रति किलो रु ५ का दरले कर लिंदा रु १,००,००० संकलन हुने संभावना देखिन्छ ।  यसैगरी यहाँको बजार क्षेत्रमा विभिन्न किसिमका कवाडीवस्तु उत्पादन तथा बिक्री वितरण हुने भएता पनि यस्ता व्यवसायिहरू करको दायरामा आइसकेका छैनन् । नगरपालिकामा कवाडी मालसामानको निकासीबाट पनि राजस्व संकलन हुने संभावना छ ।

तालिका ७: जडीवूटी, कवाडी, जीवजन्तू कर सम्बन्धी विवरण

| क्र.सं. | बस्तु | उत्पादन परीमाण (के.जी.) | करको दर | संकलन हुन सक्ने रकम (रू.) |
|---|---|---|---|---|
| १ | जडीबुटी | २०,००० | ५ | १,००,००० |
| २ | कवाडी | १,००,००० | २ | २,००,००० |
| जम्मा | | | | **३,००,०००** |

यसरी माथिको अनुमानित टेबल अनुसार जीवजन्तु तथा कवाडी कर बाट नगरपालिकाले रू ३,००,००० संकलन गर्न सक्ने संभावना रहेको छ । नगरपालिकाले कर संकलन तथा दर निर्धारण गर्दा विभिन्न किसिमका जडिबुटी तथा कवाडि सामानहरूलाई समेत पुनः वर्गीकरण गरी करको दर तोक्न सक्दछ ।

**सुधारका पक्षहरू :** कवाडी, जडिवुटी र जीवजन्तु कर संकलनमा सुधार ल्याउनका लागी निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- कवाडी, जडिवुटी र जीवजन्तु करको सम्भाव्यता अध्ययन गर्ने

- जडिबुटीको वर्गिकरण अनुसार तथ्याङ्क संकलन गर्ने र सोहि बमोजिम निकाशी शुल्क कायम गरेमा यो राजस्व रकम अझै बढ्न सक्ने देखिन्छ
- सम्भाव्यता अध्ययनको प्रतिवेदनका आधारमा कार्यान्वयनलाई अघि बढाउन करको आधार, दायरा, मूल्याङ्कन, दर निर्धारण कार्यशाला आयोजना गरी छलफल तथा अन्तरक्रिया गर्ने र करको दर, दायरा तथा संकलन कार्यविधि स्थापित गर्ने
- अध्ययन तथा उत्पादन क्षेत्र निर्धारण पहिचान गर्ने
- जडिबुटी, कवाडी र जीवजन्तु सम्बन्धी करका लागी छुट्टै खातापाना छुट्याइ आम्दानी बाँध्ने
- यस सम्बन्धी व्यवसाय प्रवर्द्धन गर्न सहयोग गर्ने
- छिमेकी स्थानीय सरकारहरुसँग समन्वय गरी करमा एकरुपता ल्याउने
- जडीबुटी, कवाडी तथा जीवजन्तुको व्यवसायिक रुपमा कारोवार गर्नेलाई इजाजत प्रदान गरी कारोवारको आधारमा कर संकलन गर्ने ।

**च. साना सवारी कर**

वर्तमान कानुनले नगरपालिकालाई टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साको दर्ता तथा नवीकरण तथा सवारी कर गर्ने अधिकार प्रदान गरेको छ ।

**हालको अवस्था:** यस नगरपालिकाको आर्थिक ऐनको दफा ८ मा सवारी साधन दर्ता तथा वार्षिक सवारी कर सम्बन्धी व्यवस्था साथै करको दर समेत (अनुसुची ७) उल्लेख गरिएको छ । तर प्रदेश कानुन स्वीकृत भइ सो कानुनमा व्यवस्था भएमा सोहि अनुसार हुने उल्लेख छ । । गत आ.व. २०७७-७८ मा यस शीर्षकमा नगरपालिले यस शीर्षकमा जम्मा रु। २,५०० राजस्व संकलन गरेको थियो ।

**सम्भावना :**

नगरपालिका क्षेत्र विस्तारको क्रममा रहेको र बस्ति जोड्ने सडकहरू पिच हुने अवस्थामा रहेको हुँदा यहाँका स्थानीयहरूले अटो रिक्शा किन्ने तथा भाडामा चलाउने क्रम बढ्दो छ । अतः यो आगामी वर्ष साना सवारी साधन करको मात्रा बढ्ने देखिन्छ । नगरपालिकाको आर्थिक ऐनमा अटो रिक्साको दर्ता, नविकरण, रुट प्रमिट गरी विभिन्न किसिमको सवारी कर लिने व्यवस्था गरेको छ । अतः आगामी वर्ष अटो रिक्सा नविकरण तथा दर्ता गर्दा यस शीर्षकमा करिव रू २,००,००० कर संकलन हुने अनुमान गर्न सकिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :**

अटो रिक्सा, ई-रिक्सा लगाएत साना सवारी साधनको तथ्याङ्क अद्याबधिक गर्ने ।

**छ) विज्ञापन कर**

हालको अवस्था: यस नगरपालिकाको आर्थिक ऐनको दफा ९ मा अनुसुचि ८ बमोजिम विज्ञापन कर सम्बन्धी व्यवस्थाकासाथै करको दर समेत उल्लेख गरिएको छ । उक्त कानुन अनुसार नगरपालिकाले आफ्नो क्षेत्रभित्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागी राख्न दिने साइनबोर्ड/होडिङबोर्ड आदिमा विज्ञापन कर लगाउन सक्ने व्यवस्था छ

। प्रदेश कानून स्वीकृत भई सो कानूनमा व्यवस्था भएमा सोही अनुसार हुने उल्लेख छ । संघीय कानुन अनुसार विज्ञापन कर प्रदेश सरकारसँग बाँडफाँड हुने कर हो । विज्ञापन करको दर निर्धारण तथा संकलन नगरपालिकाले गर्दछ र उक्त संकलित रकम मध्ये ४० प्रतिशत प्रदेश सरकारले र बाँकी स्थानीय सरकारले लिने व्यवस्था रहेको छ । नगरपालिकाले पर्यटकीय सम्भावना रहेका स्थानहरू, सडकका छेउमा होर्डिङ्ग बोर्ड राखेर विज्ञापन कर संकलन गर्न सक्ने छ। हालसम्म यस नगरपालिकाले यस शीर्षकमा राजस्व संकलन गरेको छैन ।

**संभाव्यता:** नगरपालिका क्षेत्रमा हुने विज्ञापन सामाग्री सम्बन्धि आवश्यक तथ्यांक छैन । यस नगरपालिका भित्र रहेका मुख्य ब्यापारिक केन्द्रहरु बावियाचौर बजार, सालकोट बजार, विद्यापुर बजार, सालकोट र तातापानी बजार रहेका छन् । यी क्षेत्रहरु विज्ञापनका लागी उपयुक्त रहेका छन् । केही मात्रामा विज्ञापन सामाग्रीहरु स्थापना हुने क्रममा रहेका छन् । यस नगरपालिकामा सडक र बजारको विकास र बिस्तारसँग विज्ञापन सामाग्रीको बृद्धि हुँदै जाने अनुमान गरिएको छ । नगरपालिकाको बजार क्षेत्रमा साना वोर्ड करिव २०० वटा, मझौला १०० वटा र ठूला साइजका बोर्ड करिव ५० वटा स्थापना हुन सक्ने देखिन्छ । ठुलो साइजको बोर्डको करिव प्रति बोर्ड रू. १५००, मझौला खालको बोर्डको रू. १००० र साना बोर्डको रू. ५०० को दरले कर लगाई विज्ञापन कर लिँदा करिव रू. २,७५,००० कर संकलन हुने र सो को ६०% ले हुन आउने रकम रू. १,६५,००० रकम संकलन हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:** सुधारका पक्षहरु निम्नानुसार गर्न सकिन्छ:

- विज्ञापनका लागी उपयुक्त स्थानहरूको बारेमा तथ्याङ्क संकलन गर्ने ।
- विज्ञापन प्रवर्धनका लागी राष्ट्रिय, प्रदेश, जिल्ला र स्थानीय व्यवसायीसँग समन्वय र सहकार्य गर्ने ।
- विज्ञापन एजेन्सीहरुसँग परामर्श र समन्वय गरी विज्ञापन सामाग्री जडानका लागी अनुरोध गर्ने ।
- विज्ञापनका सामग्री तथा प्रयोग भएका स्थानका सन्दर्भमा यथार्थ तथ्यांक लगत राख्ने ।
- विज्ञापनका सामाग्रीको साइज (आकार) अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।
- सम्भाव्य स्थानहरुमा विज्ञापन प्रवर्द्धनको वातावरण तयार गर्ने ।

## ३.३.२ गैर कर राजस्व

### क) स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री

स्थानीय सरकार सञ्चालन ऐन २०७५ को दफा ६२ क मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुंगा, गिट्टी, बालुवा र माटो बिक्री गरी कर उठाउन सक्ने प्रावधान रहेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ संशोधनसँगै यस शीर्षकको राजस्व उठाउन नगरपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ । साविकमा प्रारम्भिक वातावरणीय परीक्षणको मात्र व्यवस्था भएकोमा यस संशोधनसँगै वातावरणीय प्रभाव मूल्यांकनको समेत व्यवस्था भएको छ र

आवश्यकता अनुसार यी दुई अध्ययनको सिफारिशका आधारमा स्थानीय तहले ढुंगा, गिट्टी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ ।

यसैगरी गत २०७७ असार १ नेपाल र प्रकाशित वातावरण संरक्षण नियमावली, २०७७ अनुसार खानीको हकमा दैनिक ५०० घन मिटरसम्म र खोलाको हकमा जतिसुकै भएपनि ढुंगा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् गर्न प्रारम्भिक वातावरणीय परीक्षण मात्र गर्नुपर्ने र यस सम्वन्धी अध्ययन तथा स्वीकृति कार्यको टुंगो स्थानीय तहले नै लगाउन सक्ने गरी व्यवस्था गरिएकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृति गर्दा के के विषयलाई प्राथमिकता दिई विश्लेषण गर्ने भनी अभिमुखीकरण पनि गरेको छ ।

**हालको अवस्था :** नगरपालिकामा यस शीर्षकअन्तर्गत खासगरी नदी तथा खोलाहरुबाट ढुंगा, गिट्टी, बालुवाबाट संकलन भईरहेको छ । नगरपालिकाले सार्वजनिक स्थानबाट संकलन भई बिक्री हुने ढुंगा, गिट्टी, बालुवाको बिक्री दर निर्धारण गरी त्यसबाट आय संकलन गर्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ । दहत्तर वहत्तर भन्नाले बहेर आएको सामान दहमा तैरिने वा बहेर तैरिने भन्ने बुझिन्छ र यसबाट सामान्यतया काष्ठजन्य पदार्थ पर्दछ । नगरपालिकाले हालसम्म ढुंगा, गिट्टी, बालुवाको निकासी शुल्क निर्धारण गरेको छैन । आ.व ७६/७७ मा यस शीर्षकबाट रु २०,६३,३१७ राजस्व संकलन गरेको थियो भने आ.व ७७/७८ मा यस शीर्षकबाट रु ८१,६५० राजस्व संकलन गरेको थियो ।

**संभावनाः**

कर्णाली नदी तथा भेरी नदी को छेउछाउमा ढुंगा, गिट्टी, बालुवाको सम्भावना अधिक रहेको छ । हालको कानुनी प्रावधान अनुसार ढुंगा, गिट्टी, बालुवा बिक्री गर्ने र सोबाट प्राप्त रकम संचित कोषमा जम्मा गर्ने अधिकार नगरपालिकालाई रहेको छ ।

यस नगरपालिकाको केन्द्र र यसको आसपासका क्षेत्रमा बिस्तारै पक्की घरहरु बन्ने क्रम बढ्दो रहेको हुनाले स्लेट, ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको खपत पनी बढ्दै जाने आकलन गर्न सकिन्छ अतः आउदा दिनमा यसको प्रयोग बढ्दै जाने र कर संकलन पनि बढ्ने सम्भावना देखिन्छ । यस नगरपालिकाको किनारामा अवस्थित कर्णाली नदी तथा भेरी नदी लगाएत स्थानीय खोलामा रहेका नदी जन्य निर्माण सामाग्रीबाट नगरपालिका ले करीब रू ३०,००,००० राजस्व रकम संकलन गर्न सक्ने अनुमान गर्न सकिन्छ ।

**सुधारका पक्षहरूः**

- प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्ने र सो प्रतिवेदनले सिफारिश गरेका मापदण्डभित्र रहेर उत्खनन् गर्ने कार्य गराउन सुनिश्चित गर्ने र यसका लागी राजस्व परामर्श समितिको अनुगमन तथा सक्रियता बृद्धि गर्ने ।
- ठेक्का नलाग्ने अवस्था भएमा नगरपालिका आफैले संकलन गर्न सक्ने व्यवस्थाका बारेमा आवश्यक प्रावधान सहित निर्णय गर्ने ।
- ठेक्का नलागुञ्जेलका लागी नगरपालिका स्वयम्ले रकम संकलन गर्ने ।

- नगरपालिकाले आर्थिक ऐनमा नियम विपरित संकलन गर्ने ठेकदारलाई कारबाही, दण्ड जरिवाना गर्न सकिने प्रावधान समावेश गर्ने ।

**ख) अन्य सेवाशुल्क (फोहरमैला व्यवस्थापन शुल्क, पार्किङ शुल्क, स्थानीय पूर्वाधार उपयोग शुल्क, एम्बुलेन्स सेवाशुल्क, अन्य सेवा शुल्क)**

**विद्यमान अवस्था** : स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (१) मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ, कायाकिङ, बञ्जीजम्प, जिपफ्लाईर, न्याफ्टिङ, प्याराग्लाईडिङ लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकूद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने व्यवस्था रहेको छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (२) मा पालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको (यस उपदफाको (क) देखि (च) सम्मका) कुनै सेवा उपयोग गरे वापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने व्यवस्था रहेको छ ।

**शुल्कको सम्भावना** : नगरपालिकाले प्रदान गरेका सेवाहरु (पशुपन्छी तथा बोका सरसफाई सेवा, पशु पन्छी स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई उपभोक्ता समिति शुल्क, पार्किङ शुल्क, नगरपालिकाले निर्माण गरेको भौतिक पूर्वाधार उपयोग शुल्क आदि) बाट सेवा शुल्क आय गर्ने तथा सेवाहरु थप गर्दै सेवा शुल्कमा पनि बृद्धि हुने सम्भावना देखिन्छ । सेवा शुल्क सेवा दिए वापत लिइने भएकाले स्थानीय बासिन्दा सेवा लिएर शुल्क दिन तत्पर हुने गर्दछन् । आगामी आ.व.मा यस शीर्षकमा नगरपालिकाले करिव रु. ४,००,००० उठाउन सक्ने देखिन्छ ।

**तालिका ८: गाउँपालिका/नगरपालिकाले निर्माण, संचालन तथा व्यवस्थापन गरेका सेवा**

| क्र.सं. | सेवाहरु | उपलब्ध गराईएको स्थान वा क्षेत्र | इकाई र परिमाण | सेवा शुल्कको संभावना (छ/छैन) | हालको अवस्था (आय) |
|---|---|---|---|---|---|
| १ | फोहरमैला व्यवस्थापन | छ | - | छ | कार्यान्वयन नभएको |
| २ | स्थानीय खानेपानी | - | - | - | |
| ३ | बिजुली | - | - | - | |
| ४ | धारा | - | - | - | |
| ५ | अतिथि गृह | - | - | - | |
| ६ | धर्मशाला | | | | |
| ७ | पुस्तकालय | | | | |
| ८ | सभागृह | | | | |
| ९ | ढल निकास | | | | |
| १० | सडक बत्ति | | | | |
| ११ | सार्वजनीक शौचालय | ३ | वटा | छ | खासै कार्यान्वयन नभएको |
| १२ | पार्क | - | - | छ | हाल निर्माणाधिन |

| क्र.सं. | सेवाहरु | उपलब्ध गराईएको स्थान वा क्षेत्र | इकाई र परिमाण | सेवा शुल्कको संभावना (छ/छैन) | हालको अवस्था (आय) |
|---|---|---|---|---|---|
| १३ | पौडी पोखरी | - | - | - | - |
| १४ | व्यायामशाला | - | - | - | - |
| १५ | पर्यटकिय स्थल | छ(भेरी, कर्णाली दोभान, दह, ताल, गुफा) | | | शेवा शुल्क लिने गरेको |
| १६ | हाट बजार | १ छ | वटा | | सेवा शुल्क लिने |
| १७ | पशु बधशाला | - | | | |
| १८ | शवदाह गृह | - | - | - | |
| १९ | बसपार्क | - | - | | निर्माणाधीन |
| २० | अन्य पार्किङ्ग क्षेत्र | - | - | - | |
| २१ | सिफारिश तथा प्रमाणित | | छ | | शुल्क लिने गरेको |
| २२ | दर्ता, अनुमाति, नविकरण दस्तुर | | छ | | |
| २३ | मूल्यांकन सेवा शुल्क | | छ | | |
| २४ | नक्सापास | | छ | | |
| | | | | | |
| | अन्य ................. | | | | |
| | **जम्मा** | | | | |

**सुधार गर्नुपर्ने पक्षहरु** : नगरपालिकाको भूगोलको आधारमा पर्यटन प्रवर्द्धन गर्न सकिने भएकोले नगरपालिकाले तयार गरेको गुरु योजनाको कार्यान्वयन गर्दै आवश्यकता अनुसार थप अध्ययन तथा विश्लेषण गर्दै अगाडी बढ्नु पर्ने देखिन्छ । यसको लागी संघीय तथा प्रदेश सरकारले समेत सहयोग प्राप्त गर्न पहल र सहजीकरण गर्ने र निजी क्षेत्रसंग हातेमालो गर्दै जानु उपयुक्त हुन्छ । नगरपालिकाले पर्यटन पूर्वाधार विकासमा सहकार्य तथा सहजीकरण गर्ने र प्रवर्द्धन गरी स्थानीय रोजगारी सिर्जनाका लागी पहल गर्नुपर्ने तथा शुल्क दोहोरो नपर्ने कुराको सुनिश्चित गर्न सम्बन्धित निकायसँग आवश्यक समन्वय तथा छलफल गर्नुपर्ने देखिन्छ । यसैगरी यस पालिकाले स्थानीय बासिन्दालाई आवश्यक सेवाहरु पहिचान गरी सोका लागी आवश्यक पूर्वाधार विकासमा लगानी गर्ने, निर्मित तथा निर्माण हुने स्थानीय पूर्वाधार उपयोग वापत सेवा शुल्कको दर निर्धारण, स्वीकृति, सेवा शुल्क संकलन गर्ने विधि निर्धारण तथा प्रभावकारी कार्यान्वयन गर्नुपर्ने हुन्छ । यसैगरी यस नगरपालिका शहरोन्मुख नगर भएको हुँदा नगरपालिकाले तुरुन्त फोहरमैला व्यवस्थापनको लागी डम्पिङ साइट निर्माण गरी फोहरमैला व्यवस्थापन शुल्क उठाउन सक्छ ।

- ✓ फोहरमैला व्यवस्थापनको लागी डम्पिङ् साईटको संभाव्य स्थलको खोजी गरी डम्पिङ् साइट निर्माण गर्ने ।
- ✓ विभिन्न किसिमका सेवा वापत लिने शुल्कको दर आर्थिक ऐनमा व्यवस्था गर्ने ।
- ✓ तथ्याङ्क संकलन तथा रेकर्ड राख्ने प्रकृया व्यवस्थित गर्ने ।
- ✓ सैद्धान्तिक रुपमा नगरपालिकाले प्रदूषण नियन्त्रणका लागी सेवा प्रदान गरे वापत मात्र शुल्क लिन पाइन्छ । यसर्थ, प्रदूषण नियन्त्रणको काम गरेर प्रदूषण नियन्त्रण शुल्क लिनुपर्ने देखिन्छ ।

**ग) बहाल बिटौरी शुल्क**

**हालको अवस्था :** नगरपालिकाले आफूले रेखदेख वा सञ्चालन गरेको हाटबजार, सरकारी र सार्वजनिक जग्गाको उपयोग गरे वापत बहाल बिटौरी शुल्क लगाउन पाउने कानूनी व्यवस्था छ तर यस नगरपालिकामा बहाल बिटौरी शुल्क लिन मिल्ने स्थानहरुको एकिन तथ्याङ्क उपलब्ध छैन । नगरपालिकाले आर्थिक ऐनको दफा ६ मा अनुसुचि (५) बमोजिम बहाल बिटौरी शुल्क लिने दर निर्धारण गरेको छ । नगर पाालिकाले आ.ब. २०७७-७८ मा यस शीर्षक अन्तर्गत रू ८१३०० राजस्व संकलन गरेको थियो ।

**संभावना :** नगरपालिकामा बहाल बिटौरीका मुख्य क्षेत्र, अनुमानित प्रयोगकर्ता तथा संकलनको संभावना अवस्था देहाय अनुसार रहेको छ :

**तालिका ९: नगरपालिका अन्तर्गत हालका भवनहरु तथा सरकारी /सार्वजनिक जग्गाहरूको विवरण तथा बहाल बिटौरी शुल्क संकलनको संभावना**

| क.सं. | सम्पतिहरु | इकाई | परिमाण | औसत वार्षिक भाडा दर | संकलन हुन सक्ने रकम (रू.) |
|---|---|---|---|---|---|
| क. | भवन तथा कोठाहरु | | | | |
| | वडा नं ५ हटिया क्षेत्र | १ वटा | (भवन ९ कोठा) | रु २००० प्रती कोठा | १८,००० |
| | वडा नं ६ पल्लो बजार क्षेत्र | १ वटा | (भवन ३ कोठा) | २००० प्रती कोठा | ६,००० |
| | विभिन्न वडामा रहेमा टहरा / काठको घुम्ती | २५ वटा | | ५०० प्रती कोठा | १२,५०० |
| ख. | सार्वजनिक जग्गा | | | | |
| १ | सालकोट | विगाह | १८ | १,००० प्रती विगाह | १८,००० |
| २ | बाबियाचौर | विगाह | २७ | १,००० प्रती विगाह | २७,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | छाप्रे | विगाह | ११ | १,००० प्रती विगाह | ११,००० |
| ४ | विद्यापुर | विगाह | १६ | १,००० प्रती विगाह | १६,००० |
| ५ | तातापानी | विगाह | ३ | १,००० प्रती विगाह | ३,००० |
| जम्मा | | | | | १,११,५०० |

यस नगरपालिकाको केन्द्र र यसको आसपासका क्षेत्रमा बिस्तारै शहरोन्मुख नगरपालिका भएको तथा बाबियाचौर नजिक भेरीनदीमा भर्खरै मात्र पक्कीपुल निर्माण भएको हुँदा बजार क्षेत्र बढ्ने निश्चित छ । अतः माथिको तालिका बमोजिम यस नगरपालिकाले बहाल बिटौरी शुल्क कम्तिमा पनि रू. १,११,५०० संकलन गर्न सक्ने तथा भविस्यमा सो भन्दानि बढी राजस्व संकलन हुने संभावना देखिन्छ ।

**सुधारका पक्षहरू :** नगरपालिकाको बहाल बिटौरी शुल्कमा सुधार ल्याउनको लागी प्रारम्भिक रुपमा निम्न अनुसार कार्यहरु गर्न सकिन्छः

- सार्वजनिक जग्गा, सडक अधिकार क्षेत्रभित्रको जग्गा, ऐलानी र पर्ती जग्गामा भएका अस्थायी टहराहरुको लगत संकलन गर्ने
- बहाल बिरौटी सम्बन्धमा सम्बन्धित निकाय र पक्षहरुसँग समन्वय गर्ने
- बहाल बिटौरी शुल्क उठाउने सन्दर्भमा उपयुक्त, व्यवहारिक कार्यविधि तथा दर तय गरी आगामी आर्थिक ऐनमा समावेश गर्ने
- आर्थिक ऐनमा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क उठाउने
- असुल भएको बहाल बिटौरी वापतको राजस्व छुट्टिने गरी आम्दानी बाँध्ने
- हालसम्म दर्ता कायम नभएका ऐलानी जग्गाको अभिलेख राखी बहाल बिटौरी शुल्क लिन सक्ने सम्भावनाको अध्ययन गरी कार्यान्वयन गर्ने

### घ) पार्किङ शुल्क

**हालको अवस्था :** गाउँपालिका/नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए वापत पार्किङ शुल्क लगाउन सक्ने कानुनी व्यवस्था रहेको छ । यस नगरपालिकाले पनि आफ्नो आ.व. २०७८-७९ को आर्थिक ऐनमा दफा ११ मा अनुसूची (११) बमोजिम पार्किङ शुल्कबारे उल्लेख गरेको छ तर हालसम्म पार्किङ दर निर्धारण गरेको छैन साथै हालसम्म यस नगरपालिकाले यस शीर्षक अन्तर्गत रकम संकलन गर्न सकेको छैन ।

**सम्भावना :**

यस नगरपालिका को स्वामित्वमा रहेको एक जग्गा हाल पनि पार्किङको रुपमा रहेको भएता पनि सोलाई व्यवस्थित गरेको देखिदैन । सोलाई ब्यवस्थित गरेमा यो नगरपालिका सुर्खेत कर्णाली जोड्ने शहरको रुपमा बिकसीत हुँदा पार्किङ शुल्क राम्रो उठ्ने देखिन्छ ।

**तालिका १०: पार्किङ शुल्क सम्बन्धी विवरण**

| क्र.सं | सवारी साधन | दैनिक संख्या | पार्किङ् शुल्क दर | वार्षिक संकलन हुन सक्ने रकम (रू.) |
|---|---|---|---|---|
| १ | मोटरसाईकल | १०० | ५ | १,८२,५०० |
| २ | हलुका सवारी साधन | ५० | १० | १,८२,५०० |
| ३ | भारी सवारी साधन | २० | २० | १,४६,००० |
| | | | **जम्मा** | **५,११,०००** |

यसरी विभिन्न सवारी साधन जुन यस नगरपालिकामा आऊँदछन् सोको तथ्याङ्क अद्यावदीक गरी राजस्व संकलन गरने हो भने करिब रू. ५,११,००० उठ्न सक्ने देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :**

- ✓ यस नगरपालिकाको स्वामित्वमा रहेका जग्गा सम्बन्धि विवरणहरू अद्यावधिक गर्ने ।
- ✓ यस नगरपालिका सुर्खेत कर्णाली जोड्ने शहरको रुपमा अवस्थित भएकोले पार्किङको लागी नगरको स्वामित्वमा रहेका जग्गाहरूमा पार्किङको लागी संरचना तयार गर्ने ।

## ङ) दर्ता तथा अनुमति दस्तुर (अन्य प्रशासनिक सेवा शुल्क)

**विद्यमान अवस्थाः**

स्थानीय निकाय हरूले विभिन्न मन्त्रालय, विभाग तथा कार्यालयले लिने टिकट वापतको रकम, बोलपत्र फाराम बिक्रीको रकम, निवेदन दस्तुर, नो अब्जेक्शन् सर्टीफिकेट दस्तुर, व्यवसायिक प्रमाणपत्र जारी तथा नविकरण दस्तुर वापत प्राप्त रकम यस शीर्षक अन्तर्गत पर्दछन् नगरपालिकाले यस प्रकारको आर्थिक ऐनको अनुसूचि- १२ मा करको दायराहरू उल्लेख गरेको छ । आ.व. २०७७-७८ मा यस नगरपालिकाले यस शीर्षकमा रू ४,०९,३९५ आम्दानी गरेको देखिन्छ ।

**सम्भावना :**

यस नगरपालिकामा व्यवसायिक फर्म को तथ्याङ्क अद्यावद्यिक छैन् । यद्यपि अघिल्ला वर्षहरूमा यस शीर्षकमा रकम जम्मा भएको देखिएको र यो शहरीकरण उन्मुख शहर भएको तथा विभिन्न निर्माण कार्य तथा परामर्श सेवा लिनु पर्ने हुँदा आगामी वर्ष यहाँ करिव ६ लाख जति संकलन हुन सक्ने देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :**

- ✓ दर्ता तथा अनुमतिका लागी छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- ✓ आर्थिक ऐनमा दर्ता तथा अनुमति दस्तुरको दर निर्धारण गर्ने ।
- ✓ नयाँ व्यवसाय वा कारोवार संचालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने ।
- ✓ अनुमति नलिई संचालनमा रहेका व्यवसायलाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने ।

## च) नक्सापास दस्तुर

**हालको अवस्था :** नगरपालिकाको आर्थिक ऐन २०७८ को दफा १३ मा विभिन्न सेवा शुल्क तथा दस्तुर अनुसुची (१२) मा उल्लेख भए अनुसार लिने व्यवस्था गरेको छ। उक्त अनुसुचीमा नक्शापास निवेदन दस्तुर, नामसारी दस्तुर, निर्माण सम्पन्न दस्तुर लगाएतको दर निर्धारण गरेको

छ । आ.व. २०७७-७८ मा यस नगरपालिकाले यस  शीर्षकमा रू ६०,३८६ आम्दानी गरेको देखिन्छ भने आ.व. २०७८-७९ मा यस नगरपालिकाले यस शीर्षकमा रू १०,००,००० आम्दानी गर्ने लक्ष्य लिएको छ ।

**सम्भावना:**

यस नगरपालिकामा सुर्खेत कर्णाली सडक सञ्जाल रहेको शहरोन्मुख नगरपालिका भएको हुँदा यस क्षेत्रमा पक्की घरहरू निर्माण हुने क्रम बढ्ने देखिन्छ । पहिलेनै बनेका घरहरूको अभिलेखीकरण तथा नयाँ बन्ने घरको नक्सा पास गर्ने गर्दा उल्लेख्य मात्रामा राजस्व संकलन हुने देखिन्छ । राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा बमोजिम यस नगरपालिकामा ७३२६ घर संख्या रहेको देखिन्छ र प्रति घरको अभिलेखिकरण दस्तुर औसत रु. ५० का दरले जम्मा रु. ३,६६,३०० आम्दानी हुने सम्भावना आँकलन गरिएको छ । यसैगरी नयाँ घरको नक्सा पास लगाएत दस्तुरबाट करिव रु १०,००,००० राजस्व संकलन हुने देखिन्छ । अत: यस शीर्षक अन्तर्गत नगरपालिकाले रु १३,६६,३०० राजस्व संकलन गर्ने अनुमान गर्न सकिन्छ ।

**सुधारका पक्षहरू:**

नक्सा पास तथा घर अभिलेखीकरण प्रक्रियालाई पहल गर्न आवश्यक देखिन्छ । यसले गर्दा भवन निर्माण प्रक्रियालाई समेत नियमन गर्ने भएकोले यसलाई प्रभावकारी बनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।

- ✓ आवश्यक मापदण्ड अनुसार नक्सा पासको प्रावधान लागु गर्ने ।
- ✓ घरको तला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गर्ने र समयानुकुल दस्तुर पनि परिमार्जन गर्दै लैजाने ।
- ✓ नक्सापास लागु गर्नु पूर्व बनेका घरहरूको अभिलेखिकरणका लागी दस्तुर आर्थिक ऐनमा समावेश गर्ने ।
- ✓ घर अभिलेखीकरणका लागी मालपोत संकलन कार्यसँग आवद्ध गरी वार्षिक रुपमा अभियान सञ्चालन गर्ने ।

**छ) सिफारिश तथा प्रमाणित दस्तुर :**

**हालको अवस्था:** पञ्चपुरी नगरपालिकाको आर्थिक ऐन मार्फत् नगरपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित गरे वापत कार्यपालिकाको कार्यालय तथा वडाबाट शुल्क तथा दस्तुर संकलन गर्दै आएको छ । आर्थिक ऐनले सेवा शुल्क वापत (अनुसूचि–१२) विभिन्न शीर्षकमा विभिन्न किसिमका शुल्क तथा दस्तुरको दर निर्धारण गरेको छ । सिफारिश तथा प्रमाणित दस्तुर वापत यस नगरपालिकाले आ.व. २०७७/७८ मा कूल रु. १५,३६,०६३ संकलन गरेको थियो ।

**सम्भावना :** नगरपालिकाको नियमित र निरन्तर काम भनेको सिफारिश वा प्रमाणित गर्ने हो । यस नगरपालिकाको आम्दानीको एक मुख्य र भरपर्दो स्रोत हो । यस विषय अन्तर्गत कुल आम्दानीको तथ्यांक उपलब्ध भए पनि के कति पटकको सिफारिश तथा प्रमाणित दस्तुरबाट उक्त आम्दानी भएको हो भन्ने तथ्यांक उपलब्ध नहुँदा यस वर्षको बाँकी समयमा यस शीर्षकमा के कति आम्दानी हुन सक्छ भन्ने अनुमान गर्न कठिन छ । यसपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरूबाट वार्षिक तलको अनुमानित तालिका अनुसार करिव ७३०० वटा विभिन्न

किसिमका सिफारिश तथा प्रमाणित हुने अनुमान गरिएको छ । वर्तमान दर अनुसार वार्षिक सिफारिश तथा प्रमाणितबाट रु १७,९०,००० आय संकलन हुने सम्भावना रहेको देखिन्छ ।

तालिका ११: सिफारिश तथा प्रमाणित सम्बन्धी विवरण

| क.सं. | सिफारिसको प्रकार | सङ्ख्या | सिफारिस दर | संभावित संकलन रकम (रू) |
|---|---|---|---|---|
| १ | नागरिकता, बिबाह, नाता प्रमाणित लगाएत | ५००० | १०० | ५००००० |
| २ | पेन्सन सिफारिस | २०० | १२०० | २४०००० |
| ३ | खानेपानी बिद्युत जडान सिफारिस | ५०० | १००० | ५००००० |
| ४ | घर गोठ प्रमाणित | ५०० | २५० | १२५००० |
| ५ | अंग्रेजीमा गरिने सबै सिफारिस | १००० | ४०० | ४००००० |
| ६ | घरेलु उद्योग लगाएत विभिन्न सर्जमिन सिफारिस | १०० | २५० | २५००० |
| | **जम्मा** | ७,३०० | ………… | १७,९०,००० |

**सुधारका पक्षहरू:**

- सिफारिश वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- वडाबाट संकलित दस्तुरहरू शीर्षक सहितको विवरण तयार गर्ने ।
- वडा कार्यालयहरुको कर संकलनलाई पनि कम्प्युटर सफ्टवेयरमा आधारित बनाउने ।
- वडा कार्यालयहरुलाई नगरपालिका कार्यालयसँग कम्प्युटर नेटवर्कीङ गरी अध्यावधि हुने व्यवस्था मिलाउने

**ज) सामुदायिक वनको वन पैदावार बिक्रीबाट प्राप्त हुने आय**

**हालको अवस्था :** हालैको स्थानीय शासन सञ्चालन ऐनको संशोधन पश्चात् सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्री वापत प्राप्त गर्ने रकमको दश प्रतिशत सम्बन्धित नगरपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । यस नगरपालिकामा रहेका सामुदायिक वन तथा ती वनहरुबाट बिक्री हुने वन पैदावरको परिमाण सम्बन्धी तथ्यांक छैन ।

**सम्भावना :**

नगरपालिकाको नगर प्रोफईल अनुसार यस नगरपालिकाको बन क्षेत्रबाट सुन्तला, नास्पाती हरु अन्य जिल्लामा निकाशी हुने उल्लेख छ । यसै गरी नगरपालिकामा रहेका सामुदयिक बनबाट बन पैदावारको रुपमा फर्निचरको लागी आवश्यक काठ समेत निकासी गर्दछ । यस नगरपालिकामा ५१ वटा सामुदायिक बन रहेकोले ती वनहरुबाट बिक्री हुने वन पैदावरको परिमाण सम्बन्धी तथ्यांक नभएकाले आगामी आ.व.मा नगरपालिकाको कार्यपालिका बैठकको निर्णय बमोजिम जडिबुटी कर र काठ निर्यात कर निर्धारण गर्नुपर्ने देखिन्छ । नगरपालिकामा रहेका ५१ वटा सामुदायिक वनले बिक्री गरेका वन पैदावार वापत प्रती सामुदायिक वनले रू ५,००० को दरले

वन पैदावार वापत स्थानीय तहलाई तिर्नुपर्ने रकम तिर्दा रू २,५५,००० रकम संकलन हुने संभावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :**

- नगरपालिकामा रहेका सामुदायीक वना तथा वन पैदावर सम्बन्धी अभिलेख संकलन गर्ने ।
- सामुदायीक वन पैदाव बिक्री तथा उपयोग सम्बन्धीको वार्षिक कार्ययोजना नगरपालिकाले स्वीकृत गर्ने ।
- आय संकलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।

**झ) कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर**

**हालको अवस्था :** हालैको स्थानीय शासन सञ्चालन ऐनको संशोधन पश्चात् नगरपालिकाहरूले कृषि तथा पशु पंक्षीमा आधारीत व्यवसायिक कारोबारको अनुमती तथा त्यस्तो कारोबारमा कर लिन सक्ने व्यवस्था गरेको छ । यस नगरपालिकाले आ.व. २०७७/७८ मा यस शीर्षकमा कूल रु. ३२,८२५ संकलन गरेको थियो ।

**सम्भावना :**

नगरपालिकाको नगर प्रोफईल अनुसार यस नगरपालिकाकोबाट चामल, कोदो, मकै, सुन्तला, नास्पाती, आलु, काउली, घिउ, मासु तथा मासुजन्य उत्पादनहरु अन्य जिल्लामा निकाशी हुने उल्लेख छ ।

| निर्यात तथा आयात हुने प्रमुख कृषि उपजको नाम | इकाई | निर्यात हुने परिमाण | करको दर (प्रती इकाई) | संकलन हुन सक्ने रकम (रू.) |
|---|---|---|---|---|
| **खाद्यान्न** | | | | |
| चामल | मे.ट. | ४०० | ५ | २००० |
| कोदो | मे.ट. | ३० | ५ | १५० |
| मकै | मे.ट. | १५० | ५ | ७५० |
| अन्य | मे.ट. | ५० | ५ | २५० |
| **तरकारी र फलफुल** | | | | |
| आलु | मे.ट. | ४०० | ५ | २००० |
| काउली | मे.ट. | ५० | ५ | २५० |
| सुन्तला, कागती, नास्पती | मे.ट. | ४० | ५ | २०० |
| **दलहन** | | | | |
| मसुरो, केराउ | मे.ट. | ९०० | ५ | ४५०० |
| सिमी, बोडी | मे.ट. | ५०० | ५ | २५०० |
| मास | | १५० | ५ | ७५० |
| **तेलहन** | | | | |
| तोरी | मे.ट. | ४०० | ५ | २००० |
| **नगदेबाली** | | | | |

| निर्यात तथा आयात हुने प्रमुख कृषि उपजको नाम | इकाई | निर्यात हुने परिमाण | करको दर (प्रती इकाई) | संकलन हुन सक्ने रकम (रू.) |
|---|---|---|---|---|
| लसुन | | २०० | ५ | १००० |
| अदुवा | | ३५० | ५ | १७५० |
| बेसार | | ५०० | ५ | २५०० |
| **पशुजन्य उत्पादन** | | | | |
| घिउ | लिटर | १००० | ५ | ५००० |
| मासु तथा मासुजन्य उत्पादन | क्विन्टल | ४२०० | १० | ४२००० |
| | | | **जम्मा** | **६७६००** |

स्रोतः नगरप्रोफाइल, २०७५

**सुधार गर्नुपर्ने पक्षहरु :**

- नगरपालिकाबाट हुने कृषि जन्य उत्पादनको निकासी सम्बन्धी अभिलेख संकलन गर्ने ।
- आय संकलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।
- नगरपालिकाले कृषी उत्पादनको निर्यातमा लगाउने कर सम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयमा ल्याउने ।
- कार्यविधिमा उल्लिखित शर्तहरू पालना भए नभएको अनुगमन गर्ने ।

**झ) व्यक्तिगत घटना दर्ता (बिलम्व) शुल्क**

**हालको अवस्था :** यस नगरपालिकाले व्यक्तिगत घटना दर्ता (बिलम्ब) गरे वापत कार्यपालिकाको कार्यालय तथा वडाबाट शुल्क तथा दस्तुर संकलन गरेको देखिन्छ । आर्थिक ऐनले सेवा शुल्क वापत (अनुशूची–१२) विभिन्न शीर्षकमा विभिन्न किसिमका शुल्क तथा दस्तुरको दर निर्धारण गरेको छ । व्यक्तिगत घटना दर्ता (बिलम्ब) शुल्क वापत यस नगरपालिकाले आ.व.२०७७/७८ मा रु ४,८०,४२० कर संकलन गरेको देखिन्छ ।

**सम्भावना :** व्यक्तिगत घटना दर्ता शुल्क नगरपालिकाको न्यून तर प्रायः हरेक वर्ष आय हुने शीर्षक अन्तर्गत पर्दछ । अतः आउँदा दिनमा पञ्जिकरण व्यवस्थित गरी विलम्म शुल्क संकलन गर्न सक्नेछ । राष्ट्रिय जनगणना २०७८ को प्राथमिक नतिजा बमोजिम यस नगरपालिकामा जम्मा ७३२६ घर रहेकोमा घरपरीवार संख्या ७९७९ रहेको देखिन्छ अतः कुल घरपरीवार संख्याको ९०% अथवा ७१८२ मा कम्तीमा १ व्यक्तिगत घटना दर्ता गर्नुपर्ने अनुमान गर्दा ७१८२ व्यक्तिगत घटना दर्ता हुने र त्यसको ८०% वा ५७४६ ले व्यक्तिगत घटना दर्ता (बिलम्ब) शुल्क वापत नगरपालिकाको आर्थिक ऐनमा व्यवस्था गरे बमोजिम ३५ दिन पछि बिलम्ब शुल्क रु. १०० तिर्दा वार्षिक रु. ५,७४,६०० सम्म संकलन गर्न सक्ने देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :** नगरपालिकाको आर्थिक ऐनमा उल्लेख दररेटमा व्यक्तिगत घटना दर्ता बिलम्ब शुल्क रु.१०० निर्धारण भएको देखिएकोले घटना घटेको ३५ दिन भित्रै घटना दर्ता गर्न प्रोत्साहित गर्नका लागी उपयुक्त हुने देखिन्छ । यसका साथै नगरपालिकामा व्यक्तिगत घटना

विशेष गरेर जन्मदर्ता गर्नको लागी प्रत्येक वडामा अभियानको रुपमा कार्यक्रम सञ्चालन गरी सबै बालबालिकाको राज्यबाट पाउने सुविधा र जन्मदर्ता हुन पाउने अधिकारको संरक्षण समेत गर्नु उपयुक्त हुने देखिन्छ । व्यक्तिगत घटना दर्ता बिलम्ब शुल्कबाट प्राप्त आयको उचित रुपमा लेखा राख्न उपयुक्त हुने देखिन्छ । विपन्न तथा सिमान्तकृत समुदायलाई विलम्ब शुल्कमा विशेष व्यवस्था गर्न सकिन्छ ।

**ञ) घरजग्गा रजिष्ट्रेशन दस्तुर :**

स्थानीय निकायले आफ्नो क्षेत्रभित्रका घरजग्गा एक व्यक्तिको स्वामित्वबाट अर्को व्यक्तिको स्वामित्वमा हस्तान्तरण गर्दा लिने र दिने व्यक्तिबाट प्रदेश आर्थिक ऐनमा तोकिए बमोजिम असूल गरिएको राजस्वको ६० प्रतिशत प्राप्त गर्ने गर्दछ । स्थानीय सरकार सञ्चालन ऐनमा यस्तो स्वामित्व हस्तान्तरणको कार्य संबन्धित पालिकाले नै गर्ने उल्लेख गरेता पनि हाल यस नगरपालिकामा क्षमता पर्याप्त नरहेको र संघीय सरकार मातहत रहेको जिल्ला मालपोत कार्यालयबाट घरजग्गाको अभिलेख समेत हस्तान्तरण भइ नसकेकोले चालु आर्थिक वर्गमा पनि जिल्ला मालपोत कार्यालयले नै प्रदेश कानूनमा तोकिए बमोजिम दस्तुर असूल उपर गर्ने गरेको छ र असूल भएको रकम प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले मासिक रुपमा सम्वन्धित स्थानीय तह र प्रदेश सरकारको सञ्चित कोषमा दाखिला हुनेगरी पठाउने गरेको छ ।
यसरी घरजग्गा रजिष्ट्रेशनको अंक निर्धारण गर्दा प्रत्येक जग्गाको न्यूनतम मूल्यांकन निश्चित गर्न मालपोत नियमावलीको प्रावधान बमोजिम प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला समन्वय समितिको प्रमुख, प्रमुख कर अधिकृत वा कर कार्यालय नभएको स्थानमा कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख, नापी शाखाको प्रमुख, उद्योग वाणिज्य संघको प्रतिनिधि, प्रमुख नापी शाखा र मालपोत कार्यालयको प्रमुख सदस्य सचिव रहेको समितिले वार्षिक रुपमा गरेको न्यूनतम मूल्यांकन अनुसार जग्गाको थैली निश्चित हुने गरेको छ । नगरपालिकाले यस्तो मूल्यांकन वास्तविक रुपमा कारोबार हुने गरेको मूल्य भन्दा फरक नपरोस् भन्नाका लागी आफ्नो नगरपालिकाको लगत तयार गरी मालपोत कार्यालयमा अध्यावधिक गराउने गर्नु पर्दछ । यसै सन्दर्भमा जग्गा जमीनको घर रजिष्ट्रेशन दस्तुर समेत ध्यानमा राखी नगरपालिकाले जग्गाको प्रचलित भाउ समेत सिफारिश गर्ने प्रणाली स्थापित गर्न सकिएमा यसरी जग्गाको न्यूनतम मूल्य फरक परेर राजस्वमा आउने कमीलाई व्यवस्थित गर्न सरल पर्ने देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :**

- नगरपालिकाले मूल्यांकन वास्तविक रुपमा कारोबार हुने गरेको मूल्य भन्दा फरक नपरोस भन्नाका लागी आफ्नो नगरपालिकाको लगत तयार गरी मालपोत कार्यालयमा अध्यावधिक गराउने गर्नु पर्दछ ।
- जग्गा जमीनको घर रजिष्ट्रेशन दस्तुर समेत ध्यानमा राखी नगरपालिकाले जग्गाको प्रचलित भाउ समेत सिफारिश गर्ने प्रणाली स्थापित गर्न सकिएमा यसरी जग्गाको न्यूनतम मूल्य फरक परेर राजस्वमा आउने कमीलाई व्यवस्थित गर्न सरल पर्ने देखिन्छ ।

**ट) व्यवसाय रजिष्ट्रेशन दस्तुर :**

**विद्यमान अवस्थाः**
स्थानीय निकायले आफ्नो क्षेत्राधिकार भित्रका कम्पनी तथा एजेन्सी रजिष्ट्रेसन बाहेक अन्य साना तथा मझौला व्यवसाय रजिष्ट्रेसन तथा त्यसको नवीकरण गरेवापतको दस्तुर यसमा पर्दछ । स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था अनुसार स्थानीय तहले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागी अनुमति दिन र सो वापत दस्तुर संकलन गर्न सक्छन् । यस नगरपालिकाले २०७४ सालमैनै 'घ' वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सबन्धी कार्यबिधी ,२०७४ नगरसभा बाट स्विकृत गरी लागु गरी सकेको छ । उक्त कार्यबिधिमा ईजाजत पत्र दस्तुर तथा नविकरण दस्तुर हरू निर्धारण गरेको छ । आर्थिक वर्ग २०७७/२०७८ मा यस शीर्षक अन्तर्गत रु ३०,४०० रकम प्राप्त भएको देखिन्छ । साथै आर्थिक वर्ग २०७८/२०७९ मा यस अन्तर्गत रु २५,००० उठाउने लक्ष्य राखेको देखिन्छ ।

**सम्भावना :** नगर प्रोफाइल २०७५ अनुसार यस नगरपालिकामा व्यापार र व्यवसायको संख्या हेर्दा ३१४वटा व्यवसायहरू संचालनमा रहेका छन् । तर केन्द्रिय तथ्याङ्क विभागको आर्थिक गरणा २०७५ अनुसार यस नगरपालिकामा ७५२ ओटा व्यापारीक संस्था रहेको देखिन्छ । यसरी नगरपालिकाको वस्तुगत विवरण अनुसार अझै ४४१ वटा व्यापारीक संस्था दर्ता हुन बाँकि रहेको देखिन्छ । यसरी ४४१ वटा ब्यापारीक संस्था दर्ता गर्दा औसत रू . ५०० को दरले दर्ता शुल्क लिंदा करिब रू २,२०,५०० र दर्ता भएका ३१४ वटा को नविकरण गर्दा औसत रू. २५० को दरले करिब रू. ७८,५०० गरी व्यवसाय रजिष्ट्रेशन तथा दर्ता शुल्कबाट रू. २,९९,००० संकलन हुन सक्ने अनुमान गर्न सकिन्छ । यसै गरी नयाँ थपिने निर्माण जन्य व्यवसाय लगाएत अन्य व्यवसाय दर्ता गर्दा जम्मा व्यवसाय दर्ता शुल्क करिब रू. ३,५०,००० उठ्न सक्ने संभावना रहेको अनुमान गर्न सकिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :**

- साना र मझौला व्यवसायहरुको तथ्याङ्क अध्यावधिक गर्ने ।
- व्यवसाय रजिष्ट्रेशन दस्तुर अध्यावधिक गर्दै जाने ।
- नयाँ व्यवसाय वा कारोबार संचालन गर्नुपूर्व दर्ता तथा अनु मति प्रमाणपत्र अनिवार्य गरी अनुमति नलिई सञ्चालनमा रहेकालाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने ।
- दर्ता तथा अनुमतिका लागी छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- *आर्थिक ऐनमा दर्ता तथा अनुमति दस्तुरको दर निर्धारण गर्ने ।*

**ठ) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय :**

**हालको अवस्था :** स्थानीय शाशन संचालन ऐन बमोजिम गाउँपालिका/नगरपालिकाले उपकरण सञ्चालन सम्बन्धी कार्यविधि तयार गरि स्काभेटर, ब्याकहो लोडर, ट्रिपर ,ट्राक्टर, प्रोजेक्टर लगाएत अन्य मेसिन भाडामा लगाई आम्दानी गर्न सक्ने व्यवस्था रहेको छ । विद्यमान भौतिक

स्रोतहरूको प्रयोगको दर रेट आर्थिक ऐनमा तोकि कार्यविधि तयार गरेर आफै दर रेट निर्धारण गर्न सक्छ । यस नगरपालिकाको स्वामित्वमा रहेका मेसिन र भौतिक सम्पत्तिहरू बहालमा परिचालन गर्न सकिने देखिन्छ । यसै अन्तर्गत आ.ब. २०७७/७८ मा यस नगरपालिकाले यस शुल्क वापत रू ४,४६,२७५ शुल्क ऊठाएको थियो ।

**सम्भावना :** नगरपालिकाको स्वामित्वमा भएका भौतिक सम्पत्तिहरू स्काभेटर, ब्याकहो लोडर, ट्रिपर, ट्राक्टर र प्रोजेक्टर को बहाल परिचालन सम्बन्धमा आवश्यक तथ्याङ्कको आधार नभएकाले आगामी आ.व.मा देहायअनुसार आम्दानी गर्न सक्ने अनुमान गरिएको छ । जसअनुसार स्काभेटर तथा ब्याकहो लोडरबाट अनुमानित आय ५ लाख, ट्राक्टरबाट १ लाख र प्रोजेक्टरबाट पचार हजार गरि कुल जम्मा ६ लाख पचास हजार आम्दानी गर्न सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**

- नगरपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने भौतिक सम्पत्तिहरूको विवरण तयार गरी सम्पत्तिको बहाल रकमको दर निर्धारण गर्ने ।
- नगरपालिकाको स्वामित्वमा रहेका मेशिन आदि हरू को मर्मत स्याहार गरी सन्चालन गर्ने ।
- नगरपालिकाको सम्पत्ति बहालमा लगाउने सम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयमा ल्याउने ।
- कार्यविधिमा उल्लिखित शर्तहरू पालना भए नभएको अनुगमन गर्ने ।

**ढ) अन्य राजस्वः**

**हालको अवस्था:** नगरपालिकाले दर भाउ पत्र बिक्री लगाएत विविध शीर्षकमा आम्दानि गरेको पाईन्छ। गत आ.ब.२०७७-७८ मा दरभाउ पत्र लगाएत विविध शीर्षकमा रू ७,६९,३३० आम्दानि गरेको देखिन्छ ।

**सम्भावना:** नगरपालिकाको दरभाउ पत्र बिक्री लगाएत विविध शीर्षकको रकम विभिन्न कुरा हरुमा भर पर्ने तथा ति सबैको तथ्याङ्क यकिन गर्न गाह्रो हुने हुँदा यस शीर्षकमा संभावनाको अनुमान गर्न त्यती सहज छैन । बिगतमा यस शीर्षकमा उठेको रकम तथा नगरपालिकाले आ.ब. २०७८-७९ को लागी गरेको अनुमान अनुसार यस शीर्षकमा रू. १०,००,००० अनुमान गरेको हुँदा सोही अनुसार राजस्व रकम उठ्ने आंकलन गर्न सकिन्छ।

**सुधार गर्नुपर्ने पक्षहरु:** नगरपालिकाको विविध शीर्षकमा रकम धेरै जम्मा भएको देखिदा नगरपालिका ले स्थानीय सरकार संचाल ऐन लगाएत अन्य ऐनको अधिनमा रहि महालेखा नियन्त्रक को कर्यालयले आर्थिक कारोबारको लागी बनाएको **"एकिकृत आर्थिक संकेत तथा बर्गिकरण र ब्याख्या, २०७४ (दोस्रो परिमार्जन)**" मा उल्लेख भए अनुसार शीर्षकगत रकम छुट्टाएर राजस्व रकम को तथ्याङ्क संकलन गर्ने परिपाटिको बिकास गर्नु पर्ने देखिन्छ ।

# परिच्छेद चारः आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेदमा नगरपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई संक्षिप्त व्याख्या गरिएको छ । यसले नगरपालिकाको आय संकलनको लागी संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

यस परिच्छेद चारमा नगरपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय संकलनको अवस्थालाई मुख्य रुपमा व्याख्या गरिएको छ । यस विश्लेषणले नगरपालिकाको थप आय संकलनको लागी तथा संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्ने छ ।

### ४.१.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण

**नगर सभाले आ.व. २०७८।७९ का लागी गरेका राजस्व सम्बन्धी नीति तथा कार्यक्रमहरू :**

- करदाता तथा सेवा ग्राहीहरुलाई सम्मानपूर्वक सहज रुपमा कर एवं राजस्व बुझ्ने र बुझाउने, सेवा लिने वातावरण मिलाइनेछ ।
- नगरमा कर संकलन कार्यलाई अभियानको रुपमा सञ्चालन गरी सबैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने कार्यको थालनी गरिनेछ ।
- अपाङ्ग, असहाय, असक्त, दैवी प्रकोप पिडित द्वन्द पिडित, ७० वर्ष माथिका जेष्ठ नागरिक तथा कोरोनाका कारण ज्यान गुमाएका परिवारको मानिसलाई निःशुल्क सिफारिस गरिनेछ ।
- राजस्व, लेखा, जिन्सी अभिलेखको लागी सफ्टवेयर मार्फत विभिन्न शाखाको अभिलेख तथा प्रतिवेदन प्रणाली व्यवस्थित बनाइएकोमा आगामी आर्थिक वर्षमा पनि निरन्रता दिइनेछ ।
- पञ्चपुरी नगरपालिकाक्षेत्रमा लागु हुने गरी आ.व. २०७४/०७५ देखि कार्यान्वयनमा आएका विभिन्न राजस्वका श्रोतहरुको दरहरुलाई आ.व.२०७८/०७९ आर्थिक वर्ष पनि निरन्तरता दिइनेछ ।
- व्यवसाय कर र घर बहाल कर असुलीलाई प्रभावकारी बनाउन आगामी आर्थिक वर्षको पहिलो चौमासिक बाटै नगर भित्रको सबै वडाको उद्योग, व्यापार, व्यवसायीहरुको लगत खडा गरी स्थलगत कर असुली अभियानको थालनी गरिनेछ ।
- नगरपालिकाको आन्तरिक श्रोत व्यवस्थापन तथा राजस्व परिचालनका लागी राजस्व प्रशासनमा सुधार गरिनेछ । राजस्व प्रशासनलाई चुस्त, सरल, प्रविधिमैत्री एवं करदाता मैत्री बनाइनेछ । कर चुहावटका क्षेत्रको पहिचान गर्दै करको दायरता विस्तार गरी कर राजस्वलाई अभियानको रुपमा अगाडी बढाइनेछ साथै कर संकलनमा प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- कर सूचना प्रणाली मार्फत राजस्व सम्बन्धी तथ्यांक अद्यावधिक गरिनेछ । कर सचेतना कार्यक्रम संचालन गरिनेछ ।

- नगरसञ्चालनमा रहेका उद्योग, व्यवसाय, घर भाडा सम्बन्धी विवरणहरु राजस्व तथा राजस्व परामर्श समितिले पहिचान गरेका छुट भएका करका शीर्षकहरु राजस्व सूचना प्रणालीमा प्रविष्टी गरिनेछ ।
- सामुदायिक वनबाट प्राप्त राजस्वलाई कानुन बमोजिम निरन्तरता दिइने छ ।

**तालिका १२: राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण विवरण**

| नीति निर्धारणका क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारको लागी सुझावहरु |
|---|---|---|
| क) संगठनात्मक व्यवस्था | | |
| राजस्व शाखाको व्यवस्था संगठन संरचनामा छ छैन ? | छ | कर्मचारी ब्यबस्थापन |
| राजस्व शाखामा कुन तहका कति दरवंदी छन् ? र हालको पदपुर्तिको अवस्था कस्तो छ ? | चौथो-१<br>पाँचौ-१ | राजस्व साखा नभएको र एक जना कर्मचारी लाई जिम्वेवारी दिईएको |
| राजस्व शाखाले गर्ने कामका लागी कार्यविवरण छ की छैन ? | छ | |
| कर्मचारीहरुलाई उनीहरुको जिम्मेवारी स्पष्ट र लिखित रुपमा दिईएको छ छैन ? | छ | |
| कर्मचारीहरुलाई आवश्यक पर्ने स्थान, फर्निचर, यातायात साधन, कम्प्युटर, मसलन्द आदिको व्यवस्था कस्तो छ ? | यातायातको साधन छैन<br>मसलन्द पनि पर्यात छैन । | टेलिफोन तथा सफ्टवयरको आवश्यकता |
| सूचना प्रविधिको प्रयोगको अवस्था कस्तो छ? (सफ्टवयर, एसएमएस, इमेल, टेलिफोन आदि) | सफ्टवेयर प्रयोग | राजस्व परामर्श समितिलाई तालिमको आवश्यकता |
| कर्मचारीको राजस्व परिचालन सम्बन्धी क्षमता विकासको लागी के गरिएको छ ? | छैन | समय समय मा क्षमता बिकास तालिम को व्यवस्था गर्नु परने। |
| राजस्व परिचालनका लागी वडा लाई दिईएको जिम्मेवारी के छ ? | दर्ता, सिफारिस | सिफारिस (घरजग्गा, नागरिकता, जन्मदर्ता) आदी |
| **ख) राजस्व प्रशासन संचालनको अवस्था** | | |
| करदाताहरुको नाम तथा कर लाग्ने आधारको अभिलेख व्यवस्था कस्तो छ ? कर अभिलेख आवश्यक पर्ने स्रोतहरु – सम्पत्ति, व्यवसाय, सवारी साधन, विज्ञापन, बहाल आदि | ठिकै | करदाता हरुको लागी कर सफ्टेवर मार्फत अभिलेख राख्ने । |
| गाउँ/नगरपालिकाको स्वामित्वमा रहेका स्थायी सम्पत्तिहरुको विवरण तथा सोको | छ | |

| नीति निर्धारणका क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारको लागी सुझावहरु |
|---|---|---|
| परिचालन कस्तो छ ? | | |
| कर निर्धारणको लागी सम्पत्ति वा आय वा खर्च वा कारोवारको मूल्यांकन कत्तिको सहि रुपमा भएको छ ?मूल्यांकन अनुसार कर निर्धारण भएको छ छैन ? | छैन | करदाता हरुको अभिलेख राखि समय सापेक्ष बनाउने |
| चुहावट हुन सक्ने सम्भावनाहरु के के छन् र तिनको नियन्त्रणको लागी कस्तो नीति लिईएको छ ? | दायरामा लिन नसकिएको | सफ्टेवरमा अभिलेखिकरण गर्ने राजस्व सम्बन्धि जनजागरण कार्यक्रम हरू ब्यापक रुपमा संचालन गर्नु पर्ने । |
| व्यवस्थाको वर्खिलाप गरेमा दण्डको व्यवस्था कस्तो छ ? | छैन | व्यवस्था भए पनि कार्यान्वयनमा नरहेको तथा आर्थिक ऐनमा नै व्यवस्था गर्नु पर्ने । |
| समयमा तिर्नेलाई छुट र ढीलो बुझाएमा जरीवाना लाग्ने व्यवस्था सबै आय स्रोतहरुमा कसरी लागु गरिएको छ ? | सम्पत्ति करमा रहेको पंजीकरण | समयमा कर तिर्ने करदातालाई पहिचान गरि छुट र ढिलो आउने लाइ जरिवानाको ब्यबस्था गर्ने। |
| करदाताहरुलाई उनीहरुले तिर्नुपर्ने कर रकम बारे अग्रिम जानकारी गराउने व्यवस्था के छ र कत्तिको प्रभावकारी छ ? | बजेट बकतब्य | स्थानीय रेडियो, पत्रपत्रिका |
| गाउँ/नगरपालिकाले निर्धारण गरेको कर तथा शुल्कमा चित्त नबुझेमा गुनासो वा उजुरी गर्नेसक्ने व्यवस्था केकस्तो छ ? | गुनासो पेटिका | जनचेतना गर्नुपर्ने |
| राजस्व शाखाको कार्य प्रकृया, चुहावट नियन्त्रणको प्रयास, लक्ष तथा असुली अवस्थाको अनुगनमनको व्यवस्था के छ ? | छैन | सफ्टेवरमा प्रणालीमा लिनुपर्ने |
| सार्वजनिक निजी साझेदारी अवधारणाको कार्यान्वयनको अवस्था कस्तो छ ? | ठिकै छ । | स्रोतको खोजी गर्नुपर्ने |
| **ग) सूचना तथा समन्वयको अवस्था** | | |
| करदाताहरुलाई कर तथा शुल्क सम्बन्धी जानकारी दिन के कस्तो कार्य गरिएको छ ? (शिक्षामूलक कार्यक्रम, प्रचार प्रसार, होर्डिङ्ग वोर्ड, बेव साईट आदि) | वेवसाइट एफ एम रेडियो | सबैको पहुँच हुने ठाउँमा होडिङ बोर्ड राख्ने |
| करको दर निर्धारण तथा समिक्षामा सरोकार पक्षहरुको सहभागीता कस्तो छ ? | राम्रो छ । | सहभागिता अनिवार्य गराउनु पर्ने |

| नीति निर्धारणका क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारको लागी सुझावहरु |
|---|---|---|
| राजस्व परामर्श समिति तथा अन्य समितिहरुको प्रभावकारीता कस्तो छ ? ( बैठक संख्या, निर्णयहरु आदि) | वर्षको- ३ पटक | प्रत्येक महिनामा राख्नुपर्ने |
| राजस्व असुलीमा सरोकार पक्षहरुको सकारात्मक सहभागीताको अवस्था कस्तो छ ? | प्रायः समयमै तिर्ने | जन चेतना फैलाउने |
| राजस्व शाखालाई अन्य शाखा तथा निकायबाट प्राप्त सहयोग कस्तो छ ? | राम्रो छ । | राजस्व शाखा लाई छुट्टै दरबन्दी गराई संगठन संरचनामा राख्नु पर्ने । |
| आयका स्रोतहरुको अभिलेख व्यवस्था कस्तो छ ? | सफ्टवेयर छ । | थप व्यबस्थित गर्ने |
| गाउँ/नगरपालिकाको आयको आय विवरण सार्वजनिक हुने गरेको छ छैन? | बजेट | |
| आयको आलेप तथा मलेप हुने गरको छ छैन ? छ भने आएका बेरुजुहरु कसरी संवोधन भएका छन् ? | छ | वेरुजु सम्परिक्षण लाई थप प्रभाबकारी बनाउनु पर्ने |

स्थानीय जनता जगरूक नहुँदा वा जानकार नहुँदा सबै करदाता हरुले समयमै कर नबुझाउने तथा कर आवश्यक काम पर्दा मात्र राजस्व बुझाउने चलन रहेको छ ।

## ४.२. आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता

नगरपालिकाको राजस्व संकलन सम्बन्धी संस्थागत व्यवस्था देहाय अनुसार रहेको छ ।

- नगरपालिकाको संगठन संरचना तयार भएको देखिँदैन । नगरसभाबाट संगठन संरचना तयार गर्ने तथा राजस्व शाखा गठन गर्नुपर्ने देखिन्छ ।
- नगरपालिकामा हाल कुल ४३ जना कर्मचारी कार्यरत रहेको देखिन्छ भने राजस्व सम्बन्धी काम गर्न अधिकृत पाँचौ  एक जना कर्मचारी खटाएको देखिन्छ ।
- राजस्व शाखामा कार्यरत कर्मचारीको सेवाग्राही प्रतिको व्यवहार सामान्य र नम्र रहेको ।
- राजस्व संकलनका लागी नगरपालिकामा कम्प्युटर सफ्टवेयर प्रयोग भएको तर वडास्तरमा कम्प्युटर सफ्टवेयर प्रयोग हुन बाँकी रहेको ।
- वडा कार्यालयबाट पञ्जीकरण, सिफारिश गर्ने गरेको तथा अन्य कर तथा गैरकर नगरपालिकाको कार्यालयबाटै संकलन हुने गरेको ।
- राजस्व संकलन सम्बन्धमा कुनै पनि कार्यविधि नभएकाले राजस्व संकलन गर्दा शीर्षकहरू चयनमा अस्पष्टता रहेको ।
- राजस्व संकलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरूका लागी तालिम तथा अभिमुखीकरण नभएको ।

- हालसम्म राजस्व संकलन तथा त्यसको प्रभावकारीताका लागी अनुगमन तथा मूल्यांकन नभएको ।

## ४.२.१ स्थानीय राजस्व परामर्श समिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजस्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ। यस समितिले राजस्व सम्बन्धी नीति तथा कानून तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालना सम्बन्धी परामर्श, राजस्वको स्रोत, दर, दायरा विश्लेषण गरी प्राप्त हुनसक्ने राजस्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरु गर्दछ । यस नगरपालिकामा स्थानीय राजस्व परामर्श समितिको गठन देहाय अनुसार भएको छ।

**तालिका १३: गाउँपालिकामा राजस्व सम्बन्धी काम गर्ने कर्मचारीहरूको विवरण**

| क्र.सं. | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | | गा.पा. उपाअध्यक्ष | संयोजक |
| २ | | प्र.प्र.अ. | सदस्य |
| ३ | | वडा अध्यक्ष वडा नं. ५ | सदस्य |
| ४ | | कार्यपालिका सदस्य | सदस्य |
| ५. | | योजना तथा राजस्व सदस्य | सचिव |
| ६ | | | |
| ७ | | | |

**४.२.१ राजस्व शाखा तथा राजस्व प्रशासन**

यस नगरपालिकाको संगठन संरचनामा राजस्व प्रशासन छैन । अत: यसमा स्थायी दरबन्दी नरहेकोले प्रबिधिक हरूले बिशेष गरी सहायक छैठो ले काम गरी रहनु भएको छ । राजस्वमा काम गर्न कम्प्युटर लगाएत भौतिक साधनहरुको व्यवस्था गरीएको छ । यसै गरी राजस्व प्रशासन संचालनको लागी आफ्नै छुट्टै सफ्टवेयर तथा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) प्रयोग गरिएको छ। राजस्व प्रशासनमा करदाताको विवरण अद्यावधिक छैन। नगरपालिकाको राजस्व प्रशासनलाई अझ प्रभावकारी बनाउने नीति चालु बजेट मार्फत पनि नगरपालिकाले लिएको छ । यसको प्रभावकारिताका लागी गर्नुपर्ने कार्यहरुमा जनशक्ति व्यवस्थापन, राजस्व शाखाको संस्थागत विकास, राजस्व सम्वन्धी कार्ययोजना तर्जुमा, मालपोत कार्यालयबाट स्थानीय जग्गाको लगत अद्यावधिक, करदाताहरुको पहिचान र लगत अभिलेखीकरण, कर तथा गैर करका स्रोतहरुको पहिचान गर्नुपर्ने रहेको छ । यसैगरी राजस्व प्राप्त हुने पूँजीगत निर्माण, पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन, ऐतिहासिक स्थलहरुको प्रचार प्रसारका र प्रवर्द्धन गर्नुपर्ने छ । वडास्तरमा काम गर्ने कर्मचारीलाई प्रभावकारी सेवा प्रवाह र राजस्व संकलन कार्यमा परिचालन गर्नुपर्ने हुन्छ । साथै नगरपालिका तथा वडा कार्यालयका राजस्व प्रशासनसँग सम्बन्धित कर्मचारीहरुलाई राजस्व र आयका शीर्षकका विषयमा अभिमुखीकरण र अभिलेख व्यवस्थापन सम्बन्धी क्षमता विकास महत्वपूर्ण हुने देखिन्छ। यसै गरी राजस्व संकलन

को लागी स्थानीय स्तरमा जन जागरण कार्यक्रमहरू संचालन गरी जनतामा "कर तिर्नु कर्तब्य मात्र होइन गौरब पनि हो" भन्ने भावनाको बिकास गर्नु पर्ने देखिन्छ ।

## ४.३ नगरपालिकाको आन्तरिक आय परिचालन

नगरपालिकाको विगतका वर्षहरूको आयको यथार्थ विवरणहरू र चालु आ.व. को राजस्वका प्रस्तावित तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरिएको छ । आ.व. २०७६/०७७ र २०७७/०७८ को आयको अध्ययन गर्दा उक्त वर्षहरूमा नगरपालिकाको आयका प्रमुख स्रोतहरू मालपोत, दर्ता, सिफारिश, नवीकरण, पार्किङ्ग शुल्क आदीमा आधारित भएको देखिन्छ ।

**तालिका १४: बिगतको आन्तरिक आय संकलनको अवस्था**

| राजस्व संकेत | राजस्व शीर्षक | २०७६/०७७ | | २०७७/०७८ | |
|---|---|---|---|---|---|
| | | अनुमान | यथार्थ | अनुमान | यथार्थ |
| ११३१३ | सम्पती कर | २९५८१११ | ११२११०९।३४ | १९५९१११ | १३८५९९३।६४ |
| ११३१४ | भूमी कर (मालपोत) | १०००० | २१७१८ | १०००० | ७६०३४।२ |
| ११३२१ | घर बहाल कर | २००००० | ३२२९७९।६६ | २००००० | ३८११६७१२ |
| ११३२२ | बहाल बिटौरी कर | १८०००० | ६१५०० | १८०००० | ८१३०० |
| ११४५१ | सवारी साधनमा कर ( सवारी दर्ता, वार्षिक सवारी कर) | १००००० | ४८२०० | १००००० | २५०० |
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | २५००० | ० | २५००० | ० |
| ११४७९ | अन्य मनोरञ्जन कर | २०००० | ० | २०००० | ० |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | ५०००० | ५३८८० | ५०००० | ३२८२५ |
| ११६९१ | अन्य कर (कवाडी कर) | ४०००० | ५०० | ४०००० | ८१६९३ |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ३००००० | ८९१४५ | ३००००० | ४४६२७५ |
| १४१९१ | पर्यटन शुल्क | ४०००० | ९२०० | ४०००० | ० |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्रि | ३५३६००० | २०६३३१७ | १०३६०० ० | ८६०९८ |
| १४२२४ | परीक्षा शुल्क | ५००० | ६७०० | ५००० | ४४००० |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १२००० | ९७३१० | १२००० | ४०९३९५ |
| १४२४१ | पार्किङ्ग शुल्क | ० | ० | ० | ० |
| १४२४२ | नक्सापास दस्तुर | १०००० | २६०० | १०००० | ६०३८६ |

| राजस्व संकेत | राजस्व शीर्षक | २०७६/०७७ | | २०७७/०७८ | |
|---|---|---|---|---|---|
| | | अनुमान | यथार्थ | अनुमान | यथार्थ |
| १४२४३ | सिफारिश दस्तुर | ११००००० | ५२९४०८ | ११००००० | १५३६०६३।५४ |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १००००० | १९९३३४ | १००००० | ४८०४२० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ३०००० | ५२१२ | ३०००० | ४२५६० |
| १४२४९ | अन्य दस्तुर | २०००० | १६१६१५ | २०००० | २९८४३० |
| १४२५३ | व्यवसाय रविष्ट्रेशन दस्तुर | १५००० | २६५०० | १५००० | ३०४०० |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | १०००० | ३२५०० | १०००० | १२६७५ |
| १४५२९ | अन्य राजस्व (विविध आय) | १०००००० | १०९३७७७३ | १०००००० | ७६९३३० |
| १४६११ | व्यवसाय कर | २५०००० | ६५११९ | २५०००० | ४५१०३ |
| | **जम्मा** | **१००११११११** | **६०११६२४।३** | **६५१२१११** | **६३०२६४८।५** |




नगरपालिकाको आ.व. २०७८/७९ को यथार्थ आयको अध्ययन गरी तथ्यांक निम्न तालिकामा प्रस्तुत गरिएको छ । यी दुई वर्षको आय अध्ययन गर्दा उक्त वर्षहरुमा नगरपालिकाको आय परम्परागत स्रोतहरु मूलतः मालपोत, दर्ता, नवीकरण, सिफारिश लगायतमा आधारित भएको पाइन्छ । यस नगरपालिकाले विगत आ.व.हरुमा संकलन गरेको यथार्थ तथा चालु आ.व.का लागी गरेको प्रस्तावित आन्तरिक आय सम्बन्धी विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

**तालिका १५: राजस्व परिचालनको वर्तमान अवस्था**

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण (वार्षिक) | संकलन भएको/नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| **क.** | **कर तर्फ** | | | |
| | भूमि कर (मालपोत) | रु. ९४५२७० संकलन गर्न सक्ने | छ | भएको |
| | सम्पत्ति कर | रु.१८११७५० संकलन हुन सक्ने | छ | भएको |
| | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | रु. २०००००संकलन हुन सक्ने | छ | भएको |
| | घर जग्गा बहाल कर | रु ५६४००० उठ्न सक्ने सम्भावना | छ | भएको |
| | व्यवसाय कर | रु.७४१००० संकलन हुने संभावना | छ | भएको |
| | जडिबुटी, कवाडी र जिवजन्तु कर | रु. ५५५००० संकलन हुने संभावना | छ | भएको |
| | विज्ञापन कर | रू. १,६५,००० संकलन हुने संभावना | छैन | नभएको |
| | मनोरन्जन कर | सम्भावना नभएको | छैन | नभएको |
| **ख.** | **अन्य राजस्व** | | | |
| | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको बिक्री | ३०००००० उठाउन सकिने | छ | भएको |
| | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | सम्भावना भएको | छ | भएको |
| | वन पैदावर (सामुदायिक वनको) बिक्री वापतको आय | रु २५५००० संकलन हुन सक्ने | छैन | नभएको |
| | नक्सापास दस्तुर | रु. १३६६३०० आम्दानी हुने सम्भावना | छ | भएको |
| | व्यक्तिगत घटना दर्ता विलम्ब शुल्क | रु ५७४६००सम्म संकलन गर्न सक्ने | छ | भएको |
| | बहाल बिटौरी शुल्क | १११५०० उठाउन सकिने | छ | भएको |
| | पार्किङ्ग शुल्क | ५११०००उठाउन सकिन | छ | नभएको |
| | अस्पताल संचालन | सम्भावना भएको | छ | भएको |
| | फोहरमैला व्यवस्थापन शुल्क | सम्भावना भएको | छ | नभएको |
| | स्थानीय खानेपानी महसुल | सम्भावना भएको | छैन | नभएको |
| | स्थानीय विद्युत महसुल | सम्भावना भएको | छैन | नभएको |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण (वार्षिक) | संकलन भएको/नभएको | दर निर्धारण भएको/नभएको |
|---|---|---|---|---|
| | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपप्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | सम्भावना भएको | छैन | नभएको |
| | निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, घोविधाट, सडक, बसपार्क, पुलआदि | सम्भावना भएको | छैन | नभएको |
| | मूल्यांकन सेवा शुल्क | उठाउन सकिने | छैन | नभएको |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म आदि) | ६००००० उठाउन सकिने | छ | भएको |
| | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | संम्भावना नभएको | छ | नभएको |
| | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | रु १७९०००० उठाउन सकिने | छ | भएको |
| | दण्ड जरिवाना | संभावना भएको | छैन | नभएको |
| | होमस्टे नवीकरण | संम्भावना नभएको | छ | भएको |
| | सहकारी दर्ता र नवीकरण | संभावना भएको | छैन | नभएको |
| | सामाजिक संस्था दर्ता र नवीकरण | संभावना भएको | छैन | नभएको |
| | सामुदायिक वनको आम्दानी | संभावना भएको | छ | भएको |

माथिको तालिकाबाट यस नगरपालिकाको आय संरचना हेर्दा आन्तरिक आयमा विभिन्न शीर्षकमा उठाउन सकिने देखिन्छ । यद्यपि नगरपालिकाको समग्र आयको प्रमुख स्रोतको रुपमा संघीय सरकारबाट प्राप्त हुने अन्तर सरकारी वित्त हस्तान्तरण र कार्यक्रम वापतको अनुदान नै रहेको देखिन्छ ।

## ४.४ राजस्व परिचालनमा रहेका सवालहरू

न्गरपालिकाको स्थानीय आन्तरिक आय परिचालनमा नयाँ व्यवस्था अनुसारको क्षमता विकास गर्न आवश्यक देखिन्छ । आन्तरिक आय परिचालनमा देखिएका सवालहरूलाई संवोधन गर्न निम्न कार्य गर्न आवश्यक देखिन्छ ।

**क. राजस्व प्रशासनका लागी उपयुक्त संगठन निर्माण तथा क्षमता विकास**

नगरपालिकामा राजस्व र योजना सम्बन्धी काम गर्न अधिकृत छैठौ १ जनालाई जिम्मेवारी दिइएको भए पनि नगरपालिकाको छुट्टै शाखा गठन भएको भने देखिँदैन । नगरसभाले संगठन चार्ट स्वीकृत गरी कार्यबोझका आधारमा शाखा, उपशाखा तथा इकाइहरुको लागी आवश्यक कर्मचारीको व्यवस्था गर्नुपर्ने र जिम्मेवारी अनुसार सान्दर्भिक तालिम तथा अन्य क्षमता अभिवृद्धिका अवसर समेत उपलब्ध गराउँदै जानुपर्ने देखिन्छ ।

**ख. तथ्यांक संकलन तथा नियमित अद्यावधिकरणको पद्धति स्थापना**

हाल नगरपालिकामा भूमि कर, व्यवसाय कर तथा अन्य कर र गैरकर बुझाउनेको संख्या के कति छ भन्ने तथ्यांक उपलब्ध छैन । यसर्थ सबै किसिमका करदाताको विवरण संकलन गरी नियमित अद्यावधिकरणको व्यवस्था गर्नु आवश्यक छ, यसले करको दर, दायरा तथा समग्र राजस्वको सम्भावित आकार अनुमान गर्न आधार प्रदान गर्दछ । अद्यावधिक अभिलेख विना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन नसक्ने भएकाले तथ्यांक संकलन तथा नियमित अद्यावधिकरणको पद्धति स्थापना हुनु अति जरुरी छ ।

**ग. आन्तरिक आय परिचालन नीति तथा कार्यविधि**

नगरपालिकाले आय परिचालन सम्वन्धी नीति तथा मुख्य आय शीर्षकहरूबाट आय संकलन गर्ने कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्वन्धी व्यवस्था, अनुगमन जस्ता विषवस्तु पर्दछन् । हाल कुन कुन शीर्षकमा के कति राजस्व संकलन भइरहेको छ भन्ने अष्पटताको अवस्था अन्त्य गरी शीर्षकगत रुपमा आय स्पष्ट हुने गरी लेखा राख्नु जरुरी छ ।

**घ. राजस्वका दर निर्धारण तथा प्रचार प्रसार**

नगरपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजस्व संकलनका लागी दर निर्धारण गरी त्यसको प्रचार प्रसार गर्न आवश्यक देखिन्छ । त्यसैगरी करदातालाई तिर्नुपर्ने कर रकम सम्बन्धी जानकारी उपलब्ध गराउन कर शिक्षा कार्यक्रम संचालन गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त समयमा राजस्व नतिरेमा दण्ड जरिवाना लाग्ने विषयमा पनि प्रचार प्रसार गर्नु पर्दछ ।

**ङ. समन्वय संयन्त्र**

राजस्व परिचालन सम्बन्धी नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा सम्बन्धित आन्तरिक तथा बाह्य निकायहरूसँग समन्वय अपरिहार्य हुन्छ । यसका लागी राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागी राजस्व परामर्श समितिको भूमिकालाई स्थापना गर्नु पर्दछ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । त्यसैगरी राजस्व बाँडफाँड सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसँग समन्वय गर्न आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

**च. चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता**

आयको संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ । नगरपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निरन्तर संबाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत् राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रयासहरू हुन सक्दछन् ।

# परिच्छेद पाँचः राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागिता मूलक छलफलबाट तयार पारिएको नगरपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई कार्यपालिकाबाट स्वीकृत एवं बजेट व्यवस्था गरी कार्यान्वयनमा ल्याइनेछ ।

## ५.१ नगरपालिकाको राजस्व सुधार कार्ययोजना

### ५.१.१ राजस्व सुधारका क्षेत्रहरू

राजस्व सुधारका लागी अपनाउनु पर्ने क्रियाकलापहरू तपशिलमा उल्लेख गरिएको छ ।

**दायरा :** राजस्व सुधारको लागी संविधान तथा कानूनले व्यवस्था गरेको नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने हुनु पर्दछ । क्षेत्राधिकार भित्र पर्ने राजस्वको संकलन तथा परिचालन गर्ने संभावना के कस्तो छ सो को पहिचान गर्नुपर्दछ । करको आधार (सम्पत्ति, आय, वस्तु तथा सेवाको परिमाण, मूल्य र उपयोग)को पहिचान गर्नुपर्दछ । करदाता, उपभोगकर्ता,र सेवाग्राहीको पहिचान पश्चात तीनीहरूको एकिन तथ्याङ्क पत्ता लगाई त्यसको दायरा एकिन गर्नुपर्दछ ।

**दर :** करदाताको पहिचान पश्चात नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने करदातालाई करदाताको सामर्थ्यका आधारमा न्यायोचित ढंगबाट करको दर निर्धारण गर्नुपर्दछ । करको दर निर्धारण गर्दा समान दर, प्रगतिशिल वा अनुदारवादी के कस्तो छ सो को समिक्षा गरी प्रगतिशिल कर लगाउनुपर्दछ । करको दर निर्धारण गर्दा तपशिलमा उल्लेखित विषयमा ध्यान दिनुपर्दछ ।

- विगत वर्षहरूको करको दर
- छिमेकी स्थानीय सरकारको करको दर
- करदाताको कर तिर्ने क्षमता
- करको आधार (सम्पत्ति, आय, वस्तु तथा सेवा)
- सेवा तथा दस्तुरको लागत
- राजस्व संकलनको अवस्था
- सम्पत्तिको मुल्य तथा उपयोग
- पुँजिगत लगानी र आर्थिक कारोबार

**व्यवस्थापन :** करदाताको पहिचान, संख्या निर्धारण तथा दायरा निश्चित गरी करका दरहरू न्यायोचित ढंगबाट निर्धारण पश्चात राजस्व प्रशासनमा सुधार ल्याउन नीतिगत व्यवस्था, संगठन संरचनामा सुधार भौतिक सुविधा, मानव संशाधन, प्रविधि र सफ्टवयर, सूचना तथा

अभिलेख राख्नुपर्दछ । राजस्वको सुधारको लागी हरेक तथ्याङ्कको अभिलेख राखि राजस्व चुहावट हुन नदिन अनुगमन गर्नुपर्दछ ।

**क. कर राजस्व सुधारका योजनाहरु**

**तालिका १६: राजस्व सुधार कार्ययोजनाहरु**

| क.स | सुधारका लागी गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **भूमिकर तथा मालपोत** | | |
| | १. जग्गाको मूल्यांकनको दर निर्धारण गरी मालपोतको दर परिमार्जन गर्ने । | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. घुम्ती सेवा सञ्चालन गरी समयमा मालपोत तिर्न प्रोत्साहित गर्ने । | २०७९ पौष देखि अर्धवार्षिक रुपमा नियमित | राजस्व शाखा<br>वडा कार्यालय |
| २ | **सम्पत्ति कर** | | |
| | १.आर्थिक ऐन बनाई सोमा सम्पत्ति कर लगाउने स्पष्ट व्यवस्था गर्ने । | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २.सम्पत्ति कर व्यवस्थापन कार्यविधिलाई अद्यावधिक गर्ने । | २०७९ पौषसम्म | राजस्व परामर्श समिति |
| | ३.वडामा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | २०७९ मंसिर देखि नियमित | राजस्व शाखा<br>वडा कार्यालय |
| | ४.सम्बन्धीत कर्मचारी तथा पदाधिकारीका लागी तालिमको व्यवस्था गर्ने । र कर्मचारी थप गर्ने । | २०७९ चैत्र मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| ३ | **घर जग्गा बहाल कर** | | |
| | १. प्रतगतिशिल करको दर अवलम्बन गर्ने | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. बहालमा भएका घर तथा जग्गाहरुको लगत संकलन गर्ने । | २०७९ पौषसम्म | राजस्व शाखा<br>वडा कार्यालय |
| | ३. बहालमा लगाएका घरधनीहरूलाई जानकारी गराई करको दायरमा ल्याउने । | २०७९ भाद्र देखि निरन्तर | राजस्व शाखा, राजस्व परामर्श समिति, वडा कार्यालय |
| ४. | **व्यवसाय कर** | | |
| | १. व्यवसाय कर व्यवस्थापन सम्बन्धी कार्यविधि तर्जुमा गरि लागु गर्ने । | २०७९ माघसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | २. व्यवसाय कर सम्बन्धमा दण्ड सजाय तथा पुरस्कारको व्यवस्था गर्ने । | २०७९ माघसम्म | राजस्व परामर्श समिति |
| | ३. दर्ता भएका व्यवसायहरुको लगत | नियमित | राजस्व शाखा |

| क.स | सुधारका लागी गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | अद्यावधिक गर्ने तथा दर्तामा नआएकालाई दर्ता गर्न प्रोत्साहन गर्ने । | | वडा कार्यालयहरु |
| | ४. व्यवसाय दर्ता तथा कर संकलनका लागी वडा वडामा घुम्ती सेवा तथा अभियान सञ्चालन गर्ने । | २०७९ पौष देखी अर्धवार्षिक रुपमा | राजस्व शाखा<br>वडा कार्यालयहरु |
| ५. | **जडीबुटी, कवाडी र जीवजन्तु कर** | | |
| | १.जडीबुटी तथा कवाडी संकलनको सम्भाव्य क्षेत्र पहिचान गरी बिक्री हुने परिमाण यकिन गर्ने । | २०७९ आषाढ मसान्त | राजस्व शाखा<br>राजस्व परामर्श समिति |
| | २. जडीबुटी र कवाडी करको दर अध्यावधिक गरी सो अनुसार ठेक्का वन्दोवस्त गर्ने । | २०७९ आषाढ मसान्त | नगरसभा, कार्यपालिका |

**ख. गैरकर राजस्व सुधार योजना**

**तालिका १७: गैरकर राजस्व सुधार योजनाहरु**

| क.स | सुधारका लागी गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **कानुनी तथा नीतिगत व्यवस्था** | | |
| | १. आर्थिक ऐन तयार गर्ने ।<br>- हालको राजस्व अधिकारका सम्भाव्य शीर्षकहरु अनुसार शीर्षक हेरफेर गर्ने ।<br>- व्यवहारिक नदेखिएका, लागु नहुने तथा संघीय कानुनसँग बाझिने प्रावधानहरुलाई हटाउने ।<br>- राजस्व असुलीको व्यवस्थासंगै दण्ड, सजाय तथा पुरस्कारको व्यवस्था पनि उल्लेख गर्ने ।<br>- जग्गाको मूल्यांकनको दर निर्धारण गरी मालपोतको दर परिमार्जन गर्ने । | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. राजस्व नीति सामर्थ्यमा आधारित तथा Tax-benefit Principle मा आधारित बनाउने | २०७९ कार्तिक मसान्त | नगरपालिका |
| २ | **सांगठनिक व्यवस्था (शाखा, जनशक्ति, पूर्वाधार र सूचना व्यवस्था)** | | |

| क.स | सुधारका लागी गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | १. राजस्व शाखाको स्थापना गर्ने । | २०७९ चैत मसान्त सम्म | नगरपालिका |
| | २. राजस्व शाखाका लागी थप कर्मचारी, सफ्टवेयर तथा भौतिक सुविधाको व्यवस्था गर्ने । | २०७९ चैत मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | ३. राजस्व सफ्टवेयर सम्बन्धी तालिमको व्यवस्था गर्ने । | २०७९ असार सम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | ४. विभिन्न स्रोतका आन्तरिक आयलाई सम्बन्धित शीर्षक अन्तर्गत आम्दानी बाँध्ने । | २०८० असार मसान्त | प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखा |
| ३ | **करदाता लक्षित कार्यक्रम तथा पारदर्शिता** | | |
| | १. विभिन्न सञ्चार माध्यमबाट कर असुलीका लागी चेतनामूलक सूचनाहरु प्रचार प्रसार गर्ने । | २०७९ मंसिरदेखि निरन्तर | राजस्व परामर्श समिति र वडा कार्यालय |
| | २. चौमासिक रुपमा खर्चसँगै आन्तरिक आय संकलनको विवरण सार्वजनिक गर्ने । | चौमासिक | आर्थिक प्रशासन शाखा, प्रमुख प्रशासकीय अधिकृत |
| ४. | **राजस्व सुधार कार्ययोजना कार्यान्वयन** | | |
| | १. यस कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरु कार्यान्वयनको सुनिश्चितता गर्ने । | २०७९ साउन देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत |
| | २. कार्ययोजना कार्यान्वयनका लागी आवश्यक पर्ने बजेट व्यवस्था गर्ने । | २०७९ माघ मसान्त | कार्यपालिका नगर सभा |

# परिच्छेद छ: आगामी ३ वर्षको आय प्रक्षेपण

यस परिच्छेदमा आगामी तीन आर्थिक वर्षहरूका लागी नगरपालिकाको राजस्व प्रक्षेपण गरिएको छ । राजस्व प्रक्षेपण गर्दा महालेखा परिक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ उल्लिखित शीर्षकगत रुपमा गरिएको छ । नगरपालिकाको राजस्व अधिकार, हालको आय संकलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात आय संकलनमा पार्ने प्रभाव समेतलाई मध्यनजर गर्दै आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ। यस प्रक्षेपणले नगरपालिकाको आय बजेट तर्जुमा गर्न सहयोग पुग्नेछ।

## ६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी तीन वर्ष (आ.व. २०७९/८० देखि २०८१/८२) को लागी आय प्रक्षेपण गरिएको छ । यो आय अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ । धेरैजसो शीर्षकहरूको आय प्रक्षेपण प्राप्त तथ्यांकमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ । त्यसैगरि केही शीर्षकहरूको आय प्रक्षेपण गर्दा विगतको आय संकलनको वृद्धिदरलाई आधार मानिएको छ।

**तालिका १८: आगामी आ.व.हरुका लागी राजस्व प्रक्षेपणका आधारहरु (रु. हजारमा)**

| राजस्व संकेत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.हरुको लागी प्रक्षेपणको आधार |
|---|---|---|---|
| **क.** | **आन्तरिक आय तर्फ** | | |
| ११३१३ | सम्पत्ति कर | १८११.५ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११३१४ | भूमी कर (मालपोत) | ९४५ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११३२१ | घर बहाल कर | ५६४ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११३२२ | बहाल बिटौरी शुल्क | १११.५ | आ.व. २०७९/८० मा कूल संभावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११४५१ | साना सवारी साधनमा कर (सवारी दर्ता, वार्षिक सवारी कर) | २०० | आ.व. २०७९/८० मा कूल संभावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११४७२ | विज्ञापन कर | १६५ | आ.व. २०७९/८० मा कूल संभावनाको ७० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको ब्यवसायिक कारोवारमा लाग्ने कर | ६७.६ | आ.व. २०७९/८० मा कूल संभावनाको ७० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| ११६९१ | अन्य कर (जडिबुटी तथा कवाडी कर) | ३०० | आ.व. २०७९/८० मा कूल संभावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० |

| राजस्व संकेत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.हरुको लागी प्रक्षेपणको आधार |
|---|---|---|---|
| | | | प्रतिशतले बढ्दै जाने |
| | सामुदायिक वनको वन पैदावार बिक्रीबाट प्राप्त हुने आय | २५५ | आ.व. २०७९/८० मा कूल संभावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ६५० | आ.व. २०७९/८० मा ब्याकहो लोडर, एक्साभेटर, लोडर, रोलर, पानी ट्यांकी, टिप्पर भाडाबाट प्राप्त हुने रकमको ९० प्रतिशत र त्यसपछिका वर्षहरुमा १० प्रतिशतले बढ्दै जान |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्रि | ४०० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जान |
| | ढुङ्गा, गिट्टी, बालुवा बिक्री | ३००० | आ.व. २०७९/८० मा कुल सम्भावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जान |
| | फोहरमैला व्यवस्थापन सेवा शुल्क | | अनुमान नगरिएको |
| १४२२१ | न्यायिक दस्तुर | | अनुमान नगरिएको |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | | अनुमान नगरिएको |
| १४२२४ | परिक्षा शुल्क | | अनुमान नगरिएको |
| १४२४१ | पार्किङ्ग शुल्क | ५११ | आ.व. २०७९/८० मा कूल संभावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२४२ | नक्सापास दस्तुर | १३६६.३ | आ.व. २०७९/८० मा कूल संभावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२४३ | सिफारिस दस्तुर | १७९० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जान |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर र व्यक्तिगत घटना दर्ता (बिलम्ब) शुल्क | ५७४.६ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जान |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | अनुमान नगरिएको |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत आदि) | ६०० | आ.व. २०७९/८० मा कूल संभावनाको ८० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ३५० | आ.व.२०७९/८० मा ९० प्रतिशत र त्यसपछिका वर्षहरुमा १० प्रतिशतले बढ्दै जाने |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | | अनुमान नगरिएको |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | अनुमान नगरिएको |
| १४३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | | अनुमान नगरिएको |
| १४५२९ | अन्य राजस्व | १००० | आ.व. २०७९/८० मा कूल संभावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जाने |
| १४६११ | व्यवसाय कर | ७४१ | आ.व. २०७९/८० मा ८० प्रतिशत र |

| राजस्व संकेत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.हरुको लागी प्रक्षेपणको आधार |
|---|---|---|---|
| | | | त्यसपछिका आ.व.मा १० प्रतिशतले बढ्दै जान |
| **ख** | **राजस्व बाँडफाँट** | | |
| **ख.१** | **नेपाल सरकार** | | |
| ११४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ५११८६.५ | गत आ.को प्राप्त रकममा क्रमशः ५ प्रतिशतका दरले वृद्धि हुँद जाने अनुमान |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तः शुल्क | ५११८६.५ | |
| १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | | अनुमान नगरिएको |
| **ख.२** | **प्रदेश सकार** | | |
| ११३१५ | बाँडफँडबाट प्राप्त घरजग्गा रजिष्ट्रेशन दस्तुर | १२०० | चालु आ.व.मा का लागी गरिएको अनुमान रकममा क्रमशः ५ प्रतिशतले बढ्दै जाने |
| ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | २७३९ | चालु आ.व.मा का लागी गरिएको अनुमान रकममा क्रमशः ५ प्रतिशतले बढ्दै जाने |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | | अनुमान नगरिएको |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | | अनुमान नगरिएको |
| **ग.** | **अनुदान तथा वित्तीय हस्तान्तरण** | | |
| **ग.१** | **नेपाल सरकार** | | |
| १३३११ | समानीकरण अनुदान | ११८५०० | आ.व. २०७९/८० मा चालु आ.व. रकममा ५ प्रतिशतले बढ्ने र त्यसपछि क्रमशः १० प्रतिशतले बढ्दै जान |
| १३३१२ | ससर्त अनुदान चालु | २३०६०० | चालु आ.व.मा का लागी गरिएको अनुमान रकममा क्रमशः ५ प्रतिशतले बढ्दै जाने |
| १३३१३ | ससर्त अनुदान पूँजीगत | ३२१०० | |
| १३३१४ | विशेष अनुदान चालु | ३२५०० | चालु आ.व.मा का लागी गरिएको अनुमान रकममा क्रमशः ५ प्रतिशतले बढ्दै जाने |
| १३३१५ | विशेष अनुदान पूँजीगत | २९१०० | |
| १३३१६ | समपुरक अनुदान चालु | २८० | गत आ.व.मा प्राप्त यथार्थ रकममा क्रमशः ५ प्रतिशतले बढ्दै जाने |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | |
| १३३१८ | अन्य अनुदान चालु<br>(सामाजिक सुरक्षा समेत) | | अनुमान नगरिएको |
| १३३१९ | अन्य अनुदान पूँजीगत | | |
| **ग.२** | **प्रदेश सरकार** | | |
| १३३११ | समानीकरण अनुदान | १२६९३ | चालु आ.व.को अनुमानमा ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| १३३१२ | ससर्त अनुदान चालु | २२५०० | गत आ.व.को यथार्थ रकममा ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| १३३१३ | ससर्त अनुदान पूँजीगत | ० | |
| १३३१४ | ससर्त अनुदान पूँजीगत | | गत आ.व.को यथार्थ रकममा ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| १३३१५ | विशेष अनुदान पूँजीगत | ३५०० | |
| १३३१६ | समपुरक अनुदान चालु | १५००० | चालु आ.व.को अनुमानमा ५ प्रतिशतका दरले वृद्धि हुँदै जाने |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | |
| १३३१८ | अन्य अनुदान चालु | | अनुमान नगरिएको |
| १३३१९ | अन्य अनुदान पूँजीगत | | |
| **ग.३** | **अन्य आन्तरिक अनुदान** | | |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | | अनुमान नगरिएको |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान | | |

| राजस्व संकेत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.हरुको लागी प्रक्षेपणको आधार |
|---|---|---|---|
| | **कूल जम्मा** | ६१८४८८ | |

## ६.२ आगामी ३ आर्थिक वर्षको आयको प्रक्षेपण

प्रस्तुत राजस्व सुधार कार्ययोजनाको उचित कार्यान्वयनबाट नगरपालिकाको आन्तरिक राजस्वमा आ.व. २०७७/७८ मा रु. ६३,०२,६४८.५ रहेकोमा कार्ययोजनाको अन्तिम वर्षमा रु. १,५५,३१,०९५.३६ अर्थात ३ गुणा ले बढोत्तरी हुने अपेक्षा गरिएको छ । यस नगरपालिकामा आन्तरिक राजस्वका स्रोतहरु मध्ये अन्य सेवा शुल्कको परिमाण सवैभन्दा बढी देखिन्छ भने क्रमशः सम्पत्ति कर, दस्तुर, व्यवसाय कर आदि आन्तरिक राजस्वका प्रमुख स्रोतका रुपमा रहने देखिन्छ ।

यस नगरपालिकाको आगामी तीन वर्षको प्रक्षेपित राजस्व/आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । माथिका अध्यायहरूमा प्रस्ताव गरिए अनुसार र ऐन अनुसार करका दायरा विस्तार गर्न सकेको खण्डमा तालिका नं. १९ मा दिए अनुसार नगरपालिकाको आय वृद्धि हुने देखिन्छ । आय शीर्षकको संभाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधार मानी प्रक्षेपणको लागी राजस्व संकेत वर्तमानमा सिफारिश गरिएको लेखा कोडको आधारमा गरिएको छ ।

## तालिका १९: चालू आ.व.को अनुमान तथा आगामी ३ आर्थिक वर्षको आय प्रक्षेपण

| राजस्व संकेत | राजस्व शीर्षक | यथार्थ (विगत तीन आ.व.को) | | | अनुमानित आय (चालु आ.व.को) | कुल संभावना | प्रक्षेपित आय (आगामी तीन आ.व.को) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| **१००००** | **राजस्व तथा अनुदान** | | | | | | | | |
| **११०००** | **कर** | | | | | | | | |
| **११३००** | **सम्पत्ति कर** | | | | | | | | |
| **११३१०** | **अचल सम्पत्तिमा लाग्ने कर** | | | | | | | | |
| ११३११ | व्यक्तिगत सम्पत्तिमा लाग्ने वार्षिक कर | | | | | | | | |
| ११३१२ | संस्थागत सम्पत्तिमा लाग्ने वार्षिक कर | | | | | | | | |
| ११३१३ | सम्पत्ति कर | | ११२११०९.३४ | १३८५९९३.६४ | १५५८१११ | १८११७५० | १४४९४०० | १५९४३४० | १७५३७७४ |
| ११३१४ | भूमी कर (मालपोत) | | २१७१८ | ७६०३४.२ | १०००० | ९४५२७० | ७५६२१६ | ८३१८३७.६ | ९१५०२१.३६ |
| ११३१५ | बाँडफाँडबाट प्राप्त घरजग्गा रजिष्ट्रेशन दस्तुर | | १३५२५६९.२ | | १२००००० | १२००००० | १२००००० | १२६०००० | १३२३००० |
| **११३२०** | **खुद सम्पत्तिमा लाग्ने चालु कर** | | | | | | | | |
| ११३२१ | घर बहाल कर | | ३२२९७९.६६ | ३८११६७.१२ | २००००० | ५६४००० | ४५१२०० | ४९६३२० | ५४५९५२ |
| ११३२२ | बहाल बिटौरी शुल्क | | ६१५०० | ८१३०० | १३०००० | १११५०० | ८९२०० | ९८१२० | १०७९३२ |
| **११३५०** | **वित्तीय र पूँजीगत कारोबारमा लाग्ने कर** | | | | | | | | |
| ११३५१ | व्यवसाय कर | | | | | | | | |
| **११४००** | **वस्तु तथा सेवामा आधारित कर** | | | | | | | | |
| **११४१०** | **मुल्य अभिवृद्धि कर** | | | | | | | | |
| ११४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | | ७०५५०९५८.२ | १०१६५७१२० | ५११८६५०० | ५११८६५०० | ५११८६५०० | ५३७४५८२५ | ५६४३३११६ |
| **११४२०** | **अन्त:शुल्क** | | | | | | | | |
| ११४२१ | बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | | | | ५११८६५०० | ५११८६५०० | ५११८६५०० | ५३७४५८२५ | ५६४३३११६ |

| राजस्व संकेत | राजस्व शीर्षक | यथार्थ (विगत तीन आ.व.को) | | | अनुमानित आय (चाल आ.व.को) | कुल संभावना | प्रक्षेपित आय (आगामी तीन आ.व.को) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| **११४४०** | **विशेष सेवामा लाग्ने कर** | | | | | | | | |
| ११४४२ | स्वास्थ्य सेवा कर | | | | | | | | |
| ११४४३ | शिक्षा सेवा शुल्कः शैक्षिक संस्था | | | | | | | | |
| ११४४४ | शिक्षा सेवा शुल्कः वैदेशिक अध्ययन | | | | | | | | |
| **११४५०** | **पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर** | | | | | | | | |
| ११४५१ | सवारी साधनमा कर (सवारी दर्ता, वार्षिक सवारी कर) | | ४८२०० | २५०० | ८०००० | २००००० | १६०००० | १७६००० | १९३६०० |
| ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | | | | १०००० | | | | |
| ११४५६ | बाँडफाँडबाट प्राप्तहुने सवारी साधन कर | | ५८०२२९.८२ | २७३९००० | २७३९००० | | २७३९००० | २८७५९५० | ३०१९७४७.५ |
| **११४७०** | **मनोरंजन कर** | | | | | | | | |
| ११४७१ | सिनेमा डकुमेन्ट्री | | | | | | | | |
| ११४७२ | विज्ञापन कर | | | | | १६५००० | ११५५०० | १२७०५० | १३९७५५ |
| ११४७३ | अन्य मनोरंजन कर | | | | १०००० | | | | |
| **११६००** | **अन्य कर** | | | | | | | | |
| **११६१०** | **व्यवसायले भुक्तानी गर्ने** | | | | | | | | |
| ११६१३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | | | | | | | | |
| ११६१४ | रेडियो, एफ.एम. संचालन दस्तुर | | | | | | | | |
| **११६२०** | **व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने** | | | | | | | | |
| ११६२१ | चालक अनुमती पत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर | | | | | | | | |

| राजस्व संकेत | राजस्व शीर्षक | यथार्थ (विगत तीन आ.व.को) | | | अनुमानित आय (चाल आ.व.को) | कुल संभावना | प्रक्षेपित आय (आगामी तीन आ.व.को) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| **११६३०** | **कृषि तथा पशुजन्य कारोवारमा लाग्ने कर** | | | | | | | | |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | | ५३८८० | ३२८२५ | ५०००० | ६७६०० | ४७३२० | ५२०५२ | ५७२५७.२ |
| ११६३२ | ओखेटोपहारमा लाग्ने कर | | | | | | | | |
| **११६९०** | **अन्य कर** | | | | | | | | |
| ११६९१ | अन्य कर (कवाडी कर) | | ५०० | ८१६९३ | २५००० | ५५५००० | ४४४००० | ४८८४०० | ५३७२४० |
| **१३०००** | **अनुदान** | | | | | | | | |
| **१३१००** | **द्विपक्षीय वैदेशिक अनुदान** | | | | | | | | |
| **१३११०** | **द्विपक्षीय वैदेशिक चालू अनुदान** | | | | | | | | |
| १३१११ | द्विपक्षीय वैदेशिक चालू अनुदान | | | | | | | | |
| **१३१२०** | **द्विपक्षीय वैदेशिक पुँजीगत अनुदान** | | | | | | | | |
| १३१२१ | द्विपक्षीय वैदेशिक पुँजीगत अनुदान | | | | | | | | |
| **१३२००** | **बहुपक्षीय वैदेशिक अनुदान** | | | | | | | | |
| **१३२१०** | **बहुपक्षीय वैदेशिक चालु अनुदान** | | | | | | | | |
| १३२११ | अन्तरसरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त चालु अनुदान | | | | | | | | |
| १३२१२ | गैह्र सरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त चालु अनुदान | | | | | | | | |
| **१३२२०** | **बहुपक्षीय वैदेशिक पूँजीगत अनुदान** | | | | | | | | |
| १३२२१ | अन्तरसरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त पूँजीगत अनुदान | | | | | | | | |
| १३२२२ | गैह्र सरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त पूँजीगत अनुदान | | | | | | | | |

| राजस्व संकेत | राजस्व शीर्षक | यथार्थ (विगत तीन आ.व.को) | | | अनुमानित आय (चाल आ.व.को) | कुल संभावना | प्रक्षेपित आय (आगामी तीन आ.व.को) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| **१३३००** | **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | | | | | | | | |
| **१३३१०** | **अन्तरसरकारी अनुदान** | | | | | | | | |
| १३३११ | समानिकरण अनुदान | | १२६०१९००० | १२४२७२००० | १३११९३००० | १३११९३००० | १३११९३००० | १३७७५२६५० | १४४६४०२८३ |
| १३३१२ | शसर्त अनुदान | | २१५११२००० | ३४५६६८४८५ | २८५२००००० | २८५२००००० | २८५२००००० | २९९४६०००० | ३१४४३३००० |
| १३३१३ | विषेश अनुदान | | २२५००००० | ३७५००००० | ६५१००००० | ६५१००००० | ६५१००००० | ६८३५५००० | ७१७७२७५० |
| १३३१४ | समपुरक अनुदान | | २४०३९८५ | २५०९५८२८ | १५२७९९३० | १५२७९९३० | १५२७९९३० | १६०४३९२७ | १६८४६१२३ |
| १३३१५ | अन्य अनुदान | | २७९९३० | ० | | | | | |
| १३३२० | अन्तरसरकारी पूँजीगत अनुदान | | | | | | | | |
| १३३२१ | शसर्त पूँजीगत अनुदान | | | | | | | | |
| १३३२२ | विशेष पूँजीगत अनुदान | | | | | | | | |
| **१४०००** | **अन्य राजस्व** | | | | | | | | |
| **१४१००** | **सम्पत्तिबाट प्राप्त आय** | | | | | | | | |
| **१४११०** | **व्याज** | | | | | | | | |
| १४१११ | बित्तीय निकायबाट प्राप्त व्याज | | | | | | | | |
| १४११२ | व्यापारिक निकायबाट प्राप्त व्याज | | | | | | | | |
| १४११३ | औद्योगिक निकायबाट प्राप्त व्याज | | | | | | | | |
| १४११४ | सेवामुलक निकायबाट प्राप्त व्याज | | | | | | | | |
| १४११९ | अन्य निकायबाट प्राप्त व्याज | | | | | | | | |
| **१४१२०** | **लाभांश** | | | | | | | | |
| १४१२१ | वित्तीय निकायबाट प्राप्त लाभांश | | | | | | | | |
| १४१२२ | व्यापारिक निकायबाट प्राप्त लाभांश | | | | | | | | |
| १४१२३ | औद्योगिक निकायबाट प्राप्त लाभांश | | | | | | | | |
| १४१२४ | सेवामुलक निकायबाट प्राप्त लाभांश | | | | | | | | |
| १४१२९ | अन्य निकायबाट प्राप्त लाभांश | | | | | | | | |

| राजस्व संकेत | राजस्व शीर्षक | यथार्थ (विगत तीन आ.व.को) | | | अनुमानित आय (चाल आ.व.को) | कुल संभावना | प्रक्षेपित आय (आगामी तीन आ.व.को) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| | | | | | | | | | |
| **१४१५०** | **भाडा तथा रोयल्टी** | | | | | | | | |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | | ८९१४५ | ४४६२७५ | २००००० | ६५०००० | ५८५००० | ६४३५०० | ७०७८५० |
| १४१५२ | क्यासिनोबाट प्राप्त रोयल्टी | | | | | | | | |
| १४१५९ | अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | | | | ३०००००० | | | | |
| १४१७० | राजस्व बाँडफाँडबाट प्राप्त आय | | | | | | | | |
| १४१७१ | वन रोयल्टी | | ६०७२३२ | | | | | | |
| १४१७२ | खानी रोयल्टी | | | | | | | | |
| १४१७३ | जलस्रोत रोयल्टी | | | | | | | | |
| १४१७४ | पर्वतारोहण रोयल्टी | | | | | | | | |
| १४१७५ | पदयात्रा रोयल्टी | | | | | | | | |
| १४१७६ | पर्यटन सेवा शुल्क रोयल्टी | | | | | | | | |
| १४१७७ | घरजग्गा रजिष्ट्रेशन रोयल्टी | | | | | | | | |
| १४१७८ | सवारी साधन कर | | | | | | | | |
| १४१७९ | अन्य बाँडफाँड हुने राजस्व | | | | | | | | |
